# मोड्युलर साना-हातहतियार-नियन्त्रण कार्यान्वयन संग्रह

(MODULAR SMALL-ARMS-CONTROL IMPLEMENTATION COMPENDIUM)

मोजेइक ०६.२०

संस्करण १.०

२०१८-०४-२५

# बालबालिका, किशोरकिशोरी, युवा र साना हातहतियार तथा हलुका हतियार

सन्दर्भ नम्बर

MOSAIC 06.20:2018(E)V1.0

The Modular Small-arms-control Implementation Compendium

MOSAIC

Good practices for safer societies.

© संयुक्त राष्ट्रसङ्घ २०१८

© United Nations 2018 – All rights reserved

यो दस्तावेज अद्यावधिक नहुन सक्छ ।

सबै मोजेइक मोड्यूलहरुका पछिल्ला संस्करणहरु
www.un.org/disarmament/salw मा उपलब्ध छन् ।

**कृतज्ञता**

यो दस्तावेज - शृङ्खलाको एउटा, मोड्युलर साना-हतियार-नियन्त्रण कार्यान्वयन संग्रह (मोजेइक)लाई संयुक्त राष्ट्रसङ्घले सरकार, अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरू, नागरिक समाज र निजी क्षेत्रका विज्ञहरूको फराकिलो र विविधतापूर्ण समूहको सहयोगमा तयार गरेको हो । मोजेइक परियोजनामा योगदानकर्ताहरूको पूर्ण सूची हाम्रो वेबसाइटमा उपलब्ध छ ।

मोजेइकको निर्माण अष्ट्रेलिया, क्यानडा, जर्मनी, आयरल्याण्ड, नर्वे र स्विट्जरल्याण्डका सरकारहरूको आर्थिक सहयोगका साथै संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी), निःशस्त्रीकरण मामिलाका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (युएनओडीए), संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) र संयुक्त राष्ट्रसङ्घ प्रतिआतंकवाद समिति कार्यकारी निर्देशनालय (सीटीइडी) द्वारा सम्भव भएको हो ।

© संयुक्त राष्ट्रसङ्घ २०१८

सर्वाधिकार सुरक्षित । यस प्रकाशनलाई प्रतिलिपि अधिकारबाहकको विशेष अनुमति बिना गैर-नाफामूलक शैक्षिक र प्रशिक्षण उद्देश्यका लागि पुनउर्त्पादन गर्न सकिन्छ, तथापि श्रोत उद्‍त गरिएको हुनुपर्ने छ । यस दस्तावेजलाई स्रोतको रूपमा प्रयोग गर्ने कुनै पनि प्रकाशनको विद्युतीय प्रति प्राप्त गरेमा (conventionalarms-unoda@un.org)) संयुक्त राष्ट्रसङ्घ कृतज्ञ हुनेछ ।

यो दस्तावेजको बिक्री गर्न पाइने छैन ।

 © United Nations 2018 – All rights reserved

# विषयसूची


**परिचय** ................................................................ ६

**१. कार्यक्षेत्र** ................................................................ ७

**२. मानक सन्दर्भहरू** ................................................................ ७

**३. सर्त र परिभाषाहरू** ................................................................ ८

३.१ साधारण ................................................................ ८

३.२ बालबालिका, किशोरकिशोरी र युवा ................................................................ ८

**४. संयुक्त राष्ट्रसङ्घीय कार्यढाँचा** ................................................................ ९

४.१ साधारण ................................................................ ९

४.२ संयुक्त राष्ट्रसङ्घीय कार्ययोजना ................................................................ ९

४.३ हतियार व्यापार सन्धि ................................................................ ९

**५. बाल्यकालमा साना हातहतियारसम्बन्धी हिंसा** ................................................................ १०

५.१ साधारण ................................................................ १०

५.२ प्रसवपूर्व अवधि र जन्म ................................................................ १०

५.३ प्रारम्भिक र मध्य बाल्यकाल ................................................................ १०

५.४ किशोरावस्था ................................................................ १०

५.५ सशस्त्र बल वा समूहसँग आवद्ध बालबालिका ................................................................ ११

५.६ बालबालिका विरुद्ध हुने हिंसा निवारणका रणनीतिहरू ................................................................ १२

**६. सशस्त्र हिंसाको प्रभाव** ................................................................ १२

६.१ साधारण ................................................................ १२

६.२ प्रत्यक्ष प्रभाव ................................................................ १३

६.३ अप्रत्यक्ष प्रभाव ................................................................ १४

६.४ साना हातहतियार र हलुका हतियारसँगको सामिप्यको सन्दर्भ ................................................................ १७

**७. सामान्य सिद्धान्तहरू** ................................................................ १७

७.१ बाल अधिकारको सम्मान ................................................................ १७

७.२ सबै प्रकारका हिंसाबाट संरक्षण ................................................................ १७

७.३ सुरक्षा र संरक्षण ................................................................ १८

७.४ सहभागिता र परामर्श ................................................................ १८

७.५ सहकार्य र तालमेल ................................................................ १९

७.६ लिङ्ग, उमेर, संस्कृति र सन्दर्भ ................................................................ १९


© United Nations 2018 – All rights reserved

**८. बाल संरक्षण नीति.................................................................... २०**
८.१ साधारण.................................................................... २०
८.२ अर्न्तवस्तु.................................................................... २०
८.३ विचारणीय प्रश्नहरू.................................................................... २०
८.४ मस्यौदा कार्य.................................................................... २०
८.५ संरचना.................................................................... २१

**९. बालबालिका, किशोरकिशोरी र युवाका लागि कार्यक्रम निर्माण.................................................................... २१**
९.१ साधारण.................................................................... २१
९.२ लिङ्ग र उमेरमाथि ध्यान.................................................................... २२
९.३ आवाज र प्रतिनिधित्व.................................................................... २३
९.४ उमेर अनुसार खण्डिकृत तथ्याङ्क.................................................................... २७
९.५ सम्बन्धित पहलहरूसँगको नाता.................................................................... २९
९.६ शान्ति र नि:शस्त्रीकरण शिक्षा.................................................................... ३२

**परिशिष्ट क** (सूचनामूलक) **रणनीति, अवधारणा र बालबालिका विरुद्ध हिंसाको रोकथाम र प्रतिकार्यका क्षेत्रहरू.................................................................... ३६**
**परिशिष्ट ख** (सूचनामूलक) **बाल संरक्षण नीतिको उदाहरण.................................................................... ३९**
**परिशिष्ट ग** (सूचनामूलक) **सशस्त्र द्वन्द्वमा बालबालिकाको भर्ती र प्रयोग अन्त्य गर्ने ५-बुँदे कार्य योजना.................................................................... ४१**
**परिशिष्ट घ** (सूचनामूलक) **१०-बुँदे चेकलिस्ट: राज्यबाट बाल सैनिकहरूको प्रयोगको रोकथाम.................................................................... ४२**
**परिशिष्ट ङ** (सूचनामूलक) **शान्ति शिक्षा पाठ्यक्रम विकास गर्न मद्दत गर्ने स्रोतहरू.................................................................... ४३**
**परिशिष्ट च** (सूचनामूलक) **सशस्त्र द्वन्द्वको समयमा सैन्य प्रयोगबाट विद्यालय र विश्वविद्यालयहरूको सुरक्षाका लागि निर्देशिका.................................................................... ४४**

**सन्दर्भसूची.................................................................... ४६**


© United Nations 2018 – All rights reserved

## प्राक्कथन

### मोजेइक भनेको के हो?

मोजेइकले साना हातहतियार र हलुका हतियारहरूको गैरकानूनी व्यापार, अस्थिरतापूर्ण सञ्चय र दुरुपयोगलाई रोक्नका लागि प्रमुख अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूका उद्देश्यहरूलाई व्यवहारमा उतार्ने काम गर्छ, जसमा देहायलगायत रहेका छन् :

- साना हातहतियार र हलुका हतियारहरूको अवैध व्यापारसम्बन्धी कार्यवाहीको कार्यक्रम
- अन्तर्राष्ट्रिय ट्रेसिङ सन्धि
- सीमापार संगठित अपराध विरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पूरक बन्दुक हतियार प्रोटोकल
- हतियार व्यापार सन्धि

मोजेइक मोड्युलहरू (उप) क्षेत्रीय स्तरहरूमा विकसित गरिएका असल अभ्यास, आचार संहिता र मानक कार्यसञ्चालन विधिमा आधारित छन् । त्यसको विकास विश्वभरका विज्ञहरूबाट प्राप्त उत्कृष्ट प्राविधिक सल्लाह-सुझावको आधारमा संयुक्त राष्ट्रसंघले गरेको हो ।

मोजेइक पूर्णतया स्वेच्छिक टुलकिट हो ।

मोजेइकले शान्तिपूर्ण, न्यायपूर्ण र समावेशी समाजलाई प्रवर्द्धन गर्न लक्ष्य १६ सहितको दिगो विकास लक्ष्यहरूलाई, र अवैध हतियारको आपूर्तिमा उल्लेखनीय कमी समावेश रहेको त्यसको लक्ष्याँक १६.४ लाई हासिल गर्ने प्रयासलाई सहयोग पुऱ्याउँदछ ।

### मोजेइकको विकास कसले गऱ्यो?

सरकारहरूले साना हातहतियार र हलुका हतियार नियन्त्रणसम्बन्धी मुद्दाहरूमा विधायिकी, कार्यक्रमगत र परिचालनकालगायतका विषयहरुमा सल्लाह र सहयोग प्रदान गर्न प्रायः संयुक्त राष्ट्रसङ्घीय प्रणालीलाई आह्वान गर्छन् ।

त्यस्तो आग्रहको प्रत्यूत्तरमा संयुक्त राष्ट्रसंघले समग्रमा निरन्तर रूपमा उच्च गुणस्तरको सल्लाह र सहयोग प्रदान गर्न सकेको सुनिश्चित गर्ने सबैभन्दा राम्रो तरिका भनेको साना हातहतियार र हलुका हतियार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय निर्देशिकाको विकास गर्नु रहेको संयुक्त राष्ट्र एजेन्सीहरूले निधो गरे । र सो निर्देशिका संयुक्त राष्ट्रसङ्घले विकसित गरेका अन्य मापदण्डहरू जस्तैः बारुदी सुरुङको क्षेत्रमा (इन्टरनेसनल माइन एक्शन स्ट्यान्डर्ड्स -आइएमएएस); निःशस्त्रीकरण, विघठन र पुनःएकीकरण (इन्टिग्रेटेड डिडिआर स्ट्यान्डर्ड्स-आइडीडीआरएस); र गोला बारूद (इन्टरनेसनल एम्यूनिसन टेक्निकल गाइडलाईन्स्-आइएटिजी) सरह हुने उनीहरुले निधो गरे ।

यो संग्रह संयुक्त राष्ट्रसंघ प्रणालीभित्रको एक दशक लामो समन्वयकारी कार्यको प्रतिफल हो, जसमा विकास र हतियार व्यवस्थापनदेखि लैङ्गिकता र जनस्वास्थ्यसम्मको विशेषज्ञता भएका २४ वटा साझेदार संस्थाहरू समावेश छन् । गैससदेखि उद्योगसम्मका ३०० भन्दा बढी विशेषज्ञहरू सम्मिलित बाह्य विशेषज्ञ सन्दर्भ समूहले प्रत्येक मोड्युल स्थापना गर्ने कठिन प्रक्रियालाई सम्पन्न गरे ।

### कसले मोजेइक प्रयोग गर्न सक्छ?

मोजेइकको प्रयोग कुनै पनि सरकार वा संस्थाले गर्न सक्छ ।साना हातहतियार नियन्त्रणका प्रयासहरूलाई सही रूपमा मोजेइक मोड्युलहरूमा आधारित गरिएमा हतियारहरू अपराधी, सशस्त्र समूह, आतंककारी र त्यसको दुरुपयोग गर्ने अन्यको हातमा पर्ने जोखिमलाई कम गर्छ ।

**मोजेइकः सुरक्षित समाजका लागि असल अभ्यासहरू**

© United Nations 2018 – All rights reserved

## परिचय

साना हातहतियार र हलुका हतियारबाट हुने सशस्त्र हिंसाले बालबालिका, किशोरकिशोरी र युवाहरूलाई द्वन्द्वको समयमा तथा द्वन्द्वपछि र शान्ति सुव्यवस्थाको समयमा उनीहरूको सुरक्षा, स्वास्थ्य, शिक्षा, कल्याण र विकासलाई जोखिममा पुऱ्याउँने गर्छ । समूहका रूपमा बालबालिका, किशोरकिशोरी र युवाहरू सशस्त्र हिंसाका प्राथमिक पीडित, साक्षी र पीडक हुन् । युवा, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव २२५० ले मान्यता प्रदान गरे जस्तै उनीहरु परिवर्तनका शक्तिशाली माध्यम पनि हुन् ।

बालबालिका, किशोरकिशोरी र युवाहरूमाथि सशस्त्र हिंसाको नकारात्मक प्रभाव विविधतापूर्ण र दूरगामी छन् । त्यसमा मृत्यु, शारीरिक चोटपटक, मनोसामाजिक तनाव र आघात, पोषण, शिक्षा र स्वास्थ्य सेवामा अवरुद्ध पहुँच, विस्थापन, अवसरको क्षति, लैङ्गिक हिंसा (यौन हिंसा सहित), धम्की, शोषण र दुर्व्यवहार समावेश छन् ।

यी प्रभावहरू रोक्न सकिन्छ । वयस्कहरूद्वारा उनीहरूको सुरक्षाका लागि जिम्मेवारपूर्ण कार्यद्वारा र परिवर्तनका प्रतिनिधिका रूपमा बालबालिका, किशोरकिशोरी र युवाहरूले आफैंले गर्ने कार्यद्वारा बालबालिका, किशोरकिशोरी र युवाहरूको मृत्यु, चोटपटक र दुर्व्यवहारलाई रोक्न वा कम्तीमा पनि उल्लेखनीय रूपमा कम गर्न सकिन्छ । र त्यसो गर्ने एउटा माध्यम भनेको साना हातहतियार र हलुका हतियारहरूको अनियन्त्रित प्रसार र दुरुपयोगसँग सम्बन्धित जोखिमहरूबाट बालबालिका, किशोरकिशोरी र युवाहरूलाई सुरक्षित राख्नु हो ।

बालबालिका, किशोरकिशोरी र युवाहरूद्वारा साना हातहतियारको प्रयोग सधैं अन्तर-वयैक्तिक वा अन्तर-समूह हिंसासँग सम्बन्धित हुँदैन । धेरै देशहरूमा, युवाहरूले सुरक्षित, नियन्त्रित र संगठित वातावरणमा मनोरञ्जन उद्देश्यहरू (जस्तै शिकार र शूटिंग खेल) का लागि साना हातहतियारहरू प्रयोग गर्छन् । केही देशहरूमा, युवाहरूले आफ्नो परिवारको जीविकोपार्जनमा सहयोग पुऱ्याउन निर्वाहमुखी शिकारमा संलग्न हुन वा सामाजिक जीवनमा आफ्नो उमेरको आगमनको संकेत दिन साना हातहतियारहरू प्रयोग गर्छन् ।

यद्यपि, राम्ररीसँग नियन्त्रित सन्दर्भहरूमा र अन्यथा शान्तिपूर्ण समाजहरूमा पनि साना हातहतियारहरूको जानाजानी वा अनजानमा दुरुपयोग हुनसक्छ, र त्यसले बालबालिका, किशोर र युवाहरूका लागि विनाशकारी परिणाम निम्त्याउने गर्छ । युवाहरूले साना हातहतियारहरू चलाउनसक्ने सन्दर्भहरूको विविधतालाई हेर्दा त्यस्ता हतियारहरूले यस उमेर-समूहलाई निम्त्याउने जोखिमहरूलाई कम गर्नमा ध्यान केन्द्रित गर्न महत्वपूर्ण छ ।

बालबालिका, किशोरकिशोरी र युवाहरू भविष्य हुन् र परिवर्तनका शक्तिशाली संवाहक हुन् । साना हातहतियार र हलुका हतियारहरू नियन्त्रण गर्ने प्रयासहरूमा उनीहरूको सक्रिय र अर्थपूर्ण सहभागिताले दिगोपनलाई बढावा दिनसक्छ र यस मुद्दामा आवश्यक रचनात्मकता र ऊर्जा थप्नसक्छ ।


© United Nations 2018 – All rights reserved

# बालबालिका, किशोरकिशोरी, युवा र साना हातहतियार र हलुका हतियार

## १. कार्यक्षेत्र

बालबालिका (०-१७ वर्ष), किशोर (१०-१९ वर्ष) र युवा (१५-२४ वर्ष) सँग सम्बन्धित हुने साना हातहतियार र हलुका हतियारहरूको अवैध व्यापार, अनियन्त्रित प्रसार र दुरुपयोगका पक्षलाई उपयुक्तता अनुसार मोड्युलर साना-हतियार-नियन्त्रण कार्यान्वयन संग्रह (मोजेइक)का सबै मोड्युलहरूमा समावेश गरिएको छ ।

यो दस्तावेजले बालबालिका, किशोरकिशोरी र युवाहरूसँग सम्बन्धित अन्य मोजेइक मोड्युलहरूलाई पनि जोड्ने काम गर्छ र साना हातहतियार तथा हलुका हतियारहरू नियन्त्रण गर्ने सम्बन्धी कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न व्यावहारिक मार्गदर्शन प्रदान गर्दछ । त्यो कानून, नीति, प्रोग्रामिङ वा परियोजनाको तहमा हुनसक्छ, जुन बालबालिका, किशोरकिशोरी र युवाहरूको निर्दिष्ट अधिकार, आवश्यकता र क्षमताहरूप्रति संवेदनशील र उत्तरदायी हुन्छन् ।

पूर्व लडाकुहरूको निःशस्त्रीकरण, विघठन र पुनर्एकीकरणको सन्दर्भमा बालबालिका र युवाहरूसँग सम्बन्धित मुद्दाहरूलाई एकीकृत निःशस्त्रीकरण, विघठन र पुनः एकीकरण मापदण्डहरू ( IDDRS 5.20, *Youth and DDR* and IDDRS 5.30, *Children and DDR* )मा समेटिएका छन् र यस मोड्युलमा विस्तृत रुपमा सम्बोधन गरिएको छैन ।

लिङ्गकतासँग सम्बन्धि तसाना हातहतियार र हलुका हतियार नियन्त्रणसम्बन्धी मुद्दाहरू मुख्यतया मोजेइक ०६.१९, महिला, पुरुष र साना हातहतियार र हलुका हतियारहरूको लैङ्गिक प्रकृति (MOSAIC 06.10, *Women, men and the gendered nature of small arms and light weapons*.)मा समेटिएका छन् ।

## २ मानक सन्दर्भहरु

निम्नलिखित सन्दर्भ दस्तावेजहरू यस दस्तावेजको कार्यान्वयनका लागि अपरिहार्य छन् । मितिसहितका सन्दर्भहरूका लागि, उद्धृत संस्करण मात्र लागू हुन्छ । मितिबाहेकका सन्दर्भहरूका लागि उद्धृत गरिएको दस्तावजे (कुनै पनि संशोधन सहित)को पछिल्लो संस्करण लागू हुन्छ ।

- *बाल अधिकार महासन्धि*
- *बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्बन्धी ऐच्छिक आलेख*
- *अन्तरार्ष्ट्रिय फौजदारी अदालतको रोम विधान*
- *सबैभन्दा खराब प्रकृतिको बाल श्रमको उन्मूलनका लागि प्रतिबन्ध र तत्काल कारबाहीसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम संङ्ठन (महासन्धि नम्बर १८२)।*
- *पेरिस सिद्धान्तहरू : सशस्त्र बल वा सशस्त्र समूहहरूसँग आवद्ध बालबालिकाहरूसम्बन्धी सिद्धान्त र मार्गदर्शन*
- *अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनमा सहभागी बालबालिका : आचरण र प्रबन्धकका रूपमा तपाईंको जिम्मेवारी, युनिसेफ ।*
- *शान्तिका लागि शिक्षा : पाठ्यक्रम सुधारका लागि योजना – शान्तिका लागि शिक्षा पाठ्यक्रमलाई शिक्षा क्षेत्रका योजना र नीतिहरूमा एकीकृत गर्ने मार्गनिर्देशन, युनेस्को*
- *द्वन्द्वपछिको रोजगारी सृजना, आय आर्जन र पुनःएकीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय नीति*

© United Nations 2018 – All rights reserved

- *मोजेइक ०४.१०, राष्ट्रिय कार्य योजनाको डिजाइन र कार्यान्वयन*
- *मोजेइक ०४.२०, सामुदायिक सुरक्षा कार्यक्रमको डिजाइन र कार्यान्वयन*
- *मोजेइक ०४.३०, जनचेतना अभिवृद्धि*
- *मोजेइक ०५.१०, साना हातहतियार र हलुका हतियार सर्वेक्षणहरूको सञ्चालन*
- *आइडीडीआरएस ५.२०, युवा र निःशस्त्रीकरण, विघठन र पुनःएकीकरण (डिडिआर)*
- *आइडीडीआरएस ५.३०, बालबालिका र निःशस्त्रीकरण, विघठन र पुनःएकीकरण(डिडिआर)*

## ३. शब्दावली र परिभाषाहरू

### ३.१ साधारण

यस दस्तावेजको उद्देश्यका लागि, मोजेइक १०.२०,*शब्दावली, परिभाषाहरू र संक्षिप्त रुपहरुको शब्दकोष*मा दिइएका शब्दावली र परिभाषाहरू, र निम्नलिखित लागू हुन्छन् ।

सबै मोजेइक मोड्युलहरूमा, **'shall', 'should', 'may' and 'can'** शब्दहरूलाई मानकीकरणका लागि अन्तर्राष्ट्रिय संगठन (आइएसओ) मापदण्डहरूमा तिनीहरूको प्रयोग अनुसार प्रावधानहरूको व्याख्या गर्न प्रयोग गरिएको छ ।

क) **'shall', ले आवश्यकतालाई जनाउँछ** : यो दस्तावेज अनुरूप हुन कडाईका साथ पालना गर्नुपर्ने आवश्यकताहरू र जसबाट कुनै विचलनलाई अनुमति छैन त्यसलाई संकेत गर्न यसको प्रयोग गरिन्छ ।

ख) **'should' ले सिफारिसलाई संकेत गर्छ :** यसको प्रयोग धेरै सम्भावनाहरू मध्ये अरूलाई उल्लेख नगरी वा उपेक्षा नगरी कुनै एउटालाई विशेषरूपमा उपयुक्तको रूपमा सिफारिस गरिएको, वा कुनै निश्चित कदम प्राथमिकतामा छ तर आवश्यक नै भने छैन, वा (नकारात्मक अर्थमा, **'should not'**) कुनै निश्चित सम्भावना वा कदमको निन्दा गरिएको छ तर निषेध गरिएको छैन भन्ने कुरालाई संकेत गर्न गरिन्छ ।

ग) **'may' ले अनुमतिलाई संकेत गर्छ :** यस दस्तावेजको सीमा भित्र अनुमतिप्राप्त कार्यको संकेत गर्न यसको प्रयोग गरिन्छ ।

घ) **'can' ले सम्भाव्यता र क्षमतालाई जनाउँछ :** यो सम्भाव्यता र क्षमताको बयानका लागि प्रयोग गरिन्छ, चाहे त्यो भौतिक, शारीरिक वा सामान्य होस् ।

### ३.२ बालबालिका, किशोरकिशोरी र युवाहरू


संयुक्त राष्ट्रसङ्घले बालबालिकालाई ०-१७ वर्ष, किशोरकिशोरीलाई १०-१९ वर्ष र युवालाई १५-२४ वर्ष भनी (सबै संख्याहरू समावेशी हुने) परिभाषित गरेको छ ।

“युवा“को वर्गले बालबालिका, किशोरकिशोरी र युवा वयस्कहरूलाई समेटेको हुनाले (तालिका १ हेर्नुहास्), बालबालिकाका रुपमा अधिकांश किशोरकिशोरीहरूको बालअधिकार महासन्धिमा समावेश गरिएका अधिकार र सुरक्षा उपायहरूको हक छ, जुन् युवा वयस्कका हकमा लागू हुँदैन भन्ने कुरा याद राख्नु महत्वपूर्ण हुन्छ ।

संयुक्त राष्ट्रसङ्घका परिभाषाहरू विश्वव्यापी रूपमा लागू हुने भएपनि विभिन्न सन्दर्भ तथा परिस्थितिहरू बीच उल्लेखनी भिन्नताहरू हुन सक्छन् भन्ने तथ्यलाई विचार गर्नु महत्वपूर्ण हुन्छ । सामाजिक, आर्थिक र सांस्कृतिक व्यवस्थाले प्रायः बालबालिका, किशोरकिशोरी, युवा र वयस्कहरूको विशेष भूमिका र जिम्मेवारीहरूको लागि उमेर सीमा परिभाषित गर्दछ ।

 © United Nations 2018 – All rights reserved

**तालिका १ – उमेर अनुसार शब्दावलीहरूको प्रयोग**




## ४ संयुक्त राष्ट्रसङ्घीय कार्यढाँचा

### ४.१ साधारण

यो दस्तावेजले बालबालिका, किशोरकिशोरी र युवाहरूसँग सम्बन्धित प्रतिबद्धताहरूको कार्यान्वयनका लागि व्यावहारिक मार्गदर्शन प्रदान गर्दछ, जुन साना हातहतियार र हल्का हतियार नियन्त्रण सम्बन्धी राष्ट्रसङ्घीय बहुपक्षीय सन्धिअभिसन्धिहरूमा समावेश छ ।

### ४.२ संयुक्त राष्ट्रसङ्घीय कार्ययोजना

यसका सबै दृष्टिकोणबाट साना हातहतियार र हलुका हतियारहरूको अवैध व्यापारलाई रोक्न, नियन्त्रण र उन्मूलन गर्न संयुक्त राष्ट्रसङ्घको कार्ययोजना (यूएन प्रोग्राम अफ एक्शन)मा, संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूले निम्नलिखित कुराको घोषणा गर्छन्

क) "बालबालिकाहरूमा यसको विनाशकारी परिणामप्रति गम्भीर रुपमा चिन्तित हुँदै (जसमध्ये धेरै सशस्त्र द्वन्द्वका शिकार भएका छन् वा बाल सैनिक बन्न बाध्य पारिएका छन्)... र यस सन्दर्भमा, बालबालिकासम्बन्धी संरासंघ महासभाको विशेष सत्रलाई ध्यानमा राख्दै (दफा १, अनुच्छेद ५); देहाय कार्य गर्न सहमत छन् :

ख) "सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको विशेष आवश्यकतालाई सम्बोधन गर्न, विशेषगरी उनीहरूको परिवारसँग पुनर्मिलन, नागरिक समाजमा उनीहरूको पुन:एकीकरण, र उनीहरूको उपयुक्त पुनर्स्थापना गर्ने "(दफा २, अनुच्छेद २); र

ग) साना हातहतियार र हलुका हतियारको अवैध व्यापारका समस्याका सम्बन्धमा समाजका सबै पक्षलाई समावेश गरी उपयुक्तता अनुसार शिक्षा र जनचेतनामूलक कार्यक्रमहरूलाई प्रोत्साहन गर्दै संवाद र शान्तिको संस्कृति प्रवर्द्धन् गर्ने (दफा २, अनुच्छेद ४१) ) ।

### ४.३ हतियार व्यापार सन्धि

हतियार व्यापार सन्धिका पक्ष राष्ट्रहरूले कानूनी रूपमा बाध्यकारी प्रतिबद्धतामा देहायअनुसारका सहमति जनाएका छन्

क) "निर्यातकर्ता पक्ष राष्ट्रले यो मूल्याङ्कन (निर्यातको मूल्याङ्कन) गर्दा, धारा २ (१) अन्तर्गत समेटिएका परम्परागत हातहतियारहरूको जोखिमलाई वा धारा ३ वा धारा ४ अन्तर्गत समेटिएका वस्तुहरू बालबालिकाहरू विरुद्ध गम्भीर हिंसाका कार्य गर्न वा सहज बनाउन प्रयोग गरिएको कुरालाई ध्यानमा राख्नेछ" (धारा ७.४) ।

© United Nations 2018 – All rights reserved 

## ५ बाल्यकालमा साना हातहतियार सम्बन्धित हिंसा

### ५.१ साधारण

बालबालिकाहरूले गर्भ भित्रसहित आफ्नो हुकाईको हरेक चरणमा सशस्त्र हिंसासहित हिंसाको सामना गर्न सक्छन् । यद्यपि, हिंसाको प्रकृति र त्यसको सम्भावित प्रभावहरू दुवै बालबालिकाको भावनात्मक, संज्ञानात्मक र शारीरिक विकासको स्तरका साथै उनीहरू हुर्केको पारिवारिक परिवेश र समुदायअनुसार फरक हुन सक्छन् । बाल्यकालको हरेक चरणमा, प्रसवपूर्वदेखि १७ वर्षको उमेरसम्म हिंसा देखापर्छ, र केटा र केटीहरूले त्यसलाई फरक-फरक रूपमा अनुभव गर्छन् ।

### ५.२ प्रसवपूर्व अवधि र जन्म

प्रसवपूर्वको अवधि र जन्मको समयमा, भ्रुण र नवजात शिशुको स्वास्थ्य र कल्याण आमासँग अभिन्न रूपमा जोडिएको हुन्छ, जसले गर्भावस्थाको समयमा आफ्नो अन्तरंग साथी, परिवारका सदस्य वा अन्यबाट शारीरिक, यौन वा भावनात्मक हिंसाको सामना गर्नुपर्ने हुनसक्छ । घरमा बज सानो हातहतियार राखिन्छ घरेलु हिंसाको कारण मृत्यु वा गम्भीर चोट लाग्ने सम्भावना आमा र गर्भाशयमा रहेको बच्चाका लागि उल्लेखनीय रूपमा बढ्न जान्छ ।

### ५.३ प्रारम्भिक र मध्य बाल्यकाल

प्रारम्भिक र मध्यम बाल्यावस्था (०-९ वर्ष) भरी साना हातहतियार असुरक्षित रूपमा राखिएको घरमा वा साना हातहतियारहरू सर्वत्र उपलब्ध भएका समुदायहरूमा बसोबास गर्ने बालबालिकाहरू त्यस्ता हातहतियारहरूको दुर्घटनावश प्रहारबाट घाइते हुने वा मृत्यु हुने जोखिममा हुन्छन्, र त्यो उनीहरु आफ्नै कारणले  वा आफ्ना दाजुभाइ वा साथीहरूद्वारा प्रहार गरिएको हुनसक्छ ।

नोटः साना हातहतियारहरू बालबालिकाको पहुँचबाट टाढा राख्ने सम्बन्धमा मार्गदर्शनको लागि, हेर्नुहोस् *मोजेइक ०३.३०, साना हातहतियार र हलुका हतियारहरूमा नागरिक पहुँचको राष्ट्रिय नियमन,* "सुरक्षित भण्डारण" सम्बन्धी दफा ८.२.४.६।

### ५.४ किशोरावस्था

किशोरावस्थामा, बालबालिकाहरू बढी स्वतन्त्र हुन्छन् र मानिसहरूको फराकिलो समूहहरूसँग अन्तरक्रिया गर्छन् । किशोरकिशोरीहरू विशेषगरी विभिन्न स्रोतहरूबाट हुने हिंसाको चपेटामा पर्न सक्छन् । वयस्कहरूबाट भएको हिंसाका अतिरिक्त, किशोरकिशोरीहरूले जीवनको अन्य चरणहरूमा भन्दा आफ्ना दौंतरीहरूबाट हिंसाको सामना गर्ने सम्भावना धेरै हुन्छ ।

किशोरीहरू भन्दा किशोरहरुमाथि शारीरिक रूपमा आक्रमण हुने वा जानाजानी र अनजानमा चोटपटक लाग्ने सम्भावना बढी हुन्छ । किशोर बालबालिकाहरू बीच झगडा पनि बढेर जान्छ, जसमा कहिलेकाहीँ चक्कु वा साना हातहतियारका साथ हुने गर्छ । किशोर केटाहरू साना हातहतियारहरूबाट हुने हत्या सहित हत्याबाट मृत्यु हुने बढी जोखिममा हुन्छन् ।

किशोरकिशोरी विशेषगरी पुरुषहरू कहिलेकाहीँ आफ्ना साथीहरूको सम्मान प्राप्त गर्न, नयाँ सामाजिक हैसियत बनाउन वा आफ्नो स्वतन्त्रताको दाबी गर्न साना हातहतियारहरू प्रयोग गर्छन्, जसमा सम्बन्धित धेरै हिंसा अन्य किशोरकिशोरी र युवाहरू तर्फ निर्देशित हुन्छन् । यस्तो व्यवहारलाई केही युवतीहरूले प्रमाणित गर्न सक्छन्, जसले गर्दा हिंसात्मक पुरुषत्वको रुढिवादी सोचलाई थप बल पुग्न जान्छ ।

किशोरीहरू यौनजन्य दुर्व्यवहारसहित सामान्य रूपमा वृद्ध महिलाहरूप्रति लक्षित हुने आक्रमणको चपेटामा पर्छन् ।


© United Nations 2018 – All rights reserved

पुरुषत्वलाई शक्ति, शारीरिक बल र हतियारसँग जोड्ने सांस्कृतिक रूपमा परिभाषित लैङ्गिक भूमिका र सामाजिक मान्यताहरूले किशोरी महिलाहरूको तुलनामा किशोर पुरुषहरू बीचको हिंसात्मक व्यवहार बढाउनमा योगदान पुर्याउँछ ।

नोटः लैङ्गिकता सम्बन्धित विचारहरूमा थप मार्गदर्शनका लागि, हेर्नुहोस् मोजेइक ०६.१०, *महिला, पुरुष र साना हातहतियार र हलुका हतियारहरूको लैङ्गिक प्रकृति* ।

किशोरावस्थामा, केटा र केटीहरूले मनोरञ्जन र खेलकुद उद्देश्यहरू जस्तैः शिकार र शूटिंग खेलका लागि साना हातहतियारहरू प्रयोग गर्न थाल्न सक्छन् । त्यस्ता गतिविधिहरूमा हुने दुर्घटनावश चोटपटकबाट बच्न मद्दतको लागि, मोजेइक ०३.३० (साना हातहतियार र हलुका हतियारहरूमा नागरिक पहुँचको राष्ट्रिय नियमन) द्वारा प्रदान गरिएको निर्देशन, विशेषगरी इजाजतपत्र, उमेर अनुसारको प्रतिबन्ध, सुरक्षित प्रयोग र सुरक्षित भण्डारणको सन्दर्भमा लागू गरिनेछ ।

## ५.५ सशस्त्र बल वा समूहसँग आवद्ध बालबालिका

विश्वभर सशस्त्र द्वन्द्व बढ्दै जाँदा बढ्दो संख्यामा बालबालिकाहरुले युद्धको क्रुरताको सामना गरिरहेका छन् । एकातिर साना हातहतियार र हलुका हतियारको सहज उपलब्धता र अर्कोतिर सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताबीच स्पष्ट अन्तरसम्बन्ध छ । धेरै देशहरूमा, केटा र केटीहरूलाई सशस्त्र बल र समूहहरूले जबरजस्ती वा स्वेच्छाले भर्ती गर्छन् ।

बालबालिकाहरु छलछाम गरेर हुने भर्तीको जोखिममा हुन्छन् वा गरिबी वा भेदभावका कारण सशस्त्र बल र समूहहरूमा सामेल हुन प्रेरित हुन सक्छन् । उनीहरू प्रायः विद्यालय, सडक वा घरबाटै अपहरणमा पर्छन् । एक पटक भर्ती भएपछि वा सेवामा जबरजस्ती सामेल गराइएपछि, उनीहरूलाई विभिन्न उद्देश्यका लागि प्रयोग गरिन्छन् । धेरै बालबालिकाहरूले लडाईंमा भाग लिन्छन् भने केहीलाई यौन उद्देश्यका लागि, जासूस, सन्देशवाहक, भरिया, नोकरका रुपमा, वारुदि सुरुङ् बिछ्याउन वा हटाउन लगायतका कार्यमा प्रयोग गरिन्छ । धेरै बालबालिकाहरुले बहुभूमिकाहरू निर्वाह गर्छन् ।

बालबालिकाहरुलाई विविध कारणले भर्ती गर्न सकिन्छ । गरिब देशहरूमा सशस्त्र द्वन्द्वले आर्थिक र सामाजिक अवस्थालाई थप खराब बनाइदिन्छ, जसले गर्दा परिवारहरू गहिरो आर्थिक कठिनाइमा पर्न बाध्य हुन्छन् । फलस्वरूप, बालबालिकाहरू दैनिक खाना र बाँच्नका लागि सशस्त्र बल वा समूहहरूमा सामेल हुन सक्छन् ।

द्वन्द्वबाट बालबालिकाको पढाइमा समेत बाधा पुग्ने सम्भावना हुन्छ । विद्यालयहरू बन्द भएपछि बालबालिकाहरूसँग थोरै विकल्प बाकीँ रहन्छन् र सशस्त्र समूह वा फौजमा सामेल हुन अझ सजिलै प्रभावित हुन सक्छन् ।

द्वन्द्व लामोसमय चलेपछि सशस्त्र बल र समूहहरूले आफ्नो सकलदर्जालाई कायम राख्न बालबालिकालाई प्रयोग गर्ने सम्भावना बढी हुन्छ । यो प्रवृत्तिलाई साना हातहतियार र हलुका हतियारहरूको उपलब्धताले सहज बनाउँछ, जसलाई १० वर्ष र सोभन्दा कम उमेरका बालबालिकाहरूले सजिलैसँग प्रयोग गर्न सक्छन् ।

सिपाहीको रूपमा प्रयोग गरिएका बालबालिकाहरू आफ्ना बाल्यकालबाट बञ्चित हुन्छन र प्रायः चरम क्रुरताको शिकार हुन्छन् । बालबालिकाहरूलाई लडाइँमा पठाइनु अघि प्रायः लागूपदार्थको लत लगाइन्छ र परिवार तथा साम्प्रदायिक सम्बन्धलाई नष्ट गर्ने तरिकाको रूपमा आफ्नै परिवार विरुद्ध अत्याचार गर्न बाध्य पारिन्छ । केटीहरूलाई प्रायः यौन उद्देश्यका लागि प्रयोग गरिन्छ, र सामान्यतया कमाण्डरको जिम्मामा लगाइन्छ र कहिलेकाहीं सामूहिक बलात्कार गरिन्छ ।

नोट १ सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धी बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रोटोकलले लडाईंमा प्रत्यक्ष सहभागिताका लागि बालअधिकार महासन्धित र अन्य सन्धिसम्झौताहरुमा तोकिएको न्यूनतम उमेर १५ वर्षबाट १८ वर्ष पुर्याएको छ । सन्धिले १८ वर्ष मुनिका कसैलाई पनि सरकारी फौजहरूद्वारा गरिने अनिवार्य भर्तीलाई निषेध गर्दछ, र पक्ष राष्ट्रहरूलाई स्वैच्छिक भर्तीको

© United Nations 2018 – All rights reserved

न्यूनतम उमेर १५ माथि बढाउन र १८ वर्ष मुनिका बालबालिकाहरूलाई स्वैच्छिक भर्ती गर्न अनुमति दिँदा कडा सुरक्षाका उपायहरू लागू गर्न आह्वान गर्दछ । गैर-राज्य सशस्त्र समूहहरूको हकमा, सन्धिले १८ वर्ष मुनिका सबै भर्ती (स्वैच्छिक र अनिवार्य)लाई निषेध गर्दछ ।

नोट २ अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले निम्नलिखित कार्यहरूलाई युद्ध अपराधको रूपमा परिभाषित गर्दछ :

- "पन्ध्र वर्ष मुनिका बालबालिकाहरूलाई राष्ट्रिय सशस्त्र बलमा भर्ती वा सूचिकृत गर्ने वा उनीहरूलाई अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा लडाईंमा सक्रिय रूपमा भाग लिन प्रयोग गर्ने"; (धारा ८(२)(ख)(२६) ; र

- "पन्ध्र वर्ष मुनिका बालबालिकाहरूलाई सशस्त्र बल वा समूहहरूमा भर्ती गर्ने वा सूचिकृत गर्ने वा उनीहरूलाई गैर-अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा लडाईंमा सक्रिय रूपमा भाग लिन प्रयोग गर्ने"। धारा ८(२)(ङ)(७) ।

नोट ३ सबैभन्दा खराब प्रकृतिको बाल श्रमको उन्मूलनका लागि निषेध र तत्काल कारबाहीसम्बन्धी महासन्धिको धारा ३ (आइएलओ महासन्धि नं १८२) ले सशस्त्र द्वन्द्वमा प्रयोगको लागि बालबालिकाको जबरजस्ती वा अनिवार्य भर्ती "सबैभन्दा खराब प्रकृतिको बाल श्रम" हो भनी घोषणा गरेको छ।

## ५.६ बालबालिका विरुद्ध हिंसा रोक्न रणनीतिहरू

विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ, लागूऔषध तथा अपराधसम्बन्धी संयुक्त राष्ट्रसंघको कार्यालय, विश्व बैंक र अन्य साझेदारहरूले संयुक्त रूपमा बालबालिकामाथि हुने हिंसा रोक्न सातवटा प्रमुख रणनीतिहरू पहिचान गरेका छन् । ती देहाय अनुसार रहेका छन् :

क) कानूनको प्रयोग र कार्यान्वयन;

ख) मापदण्ड र मुल्यमान्यताहरू;

ग) सुरक्षित वातावरण

घ) अभिभावक र हेरचाहकर्ताको सहयोग

ङ) आय र आर्थिक सुदृढीकरण;

च) प्रतिकार्य र सहयोगी सेवाहरू; र

छ) शिक्षा र जीवनपयोगी सीप ।

नोटः साना हातहतियार र अन्य हतियारहरूमा युवाहरूको पहुँच सीमित गराउने समेत रहेको यी रणनीतिहरूको कार्यान्वयनका लागि मार्गदर्शन यस प्रतिवेदनमा पाउन सकिन्छ, "प्रेरणाः बालबालिका विरुद्ध हिंसा अन्त्यका लागि सात रणनीतिहरू" (जेनेभाः विश्व स्वास्थ्य संगठन, २०१६) ।

# ६ सशस्त्र हिंसाका प्रभावहरू

## ६.१ साधारण

बालबालिका, किशोरकिशोरी र युवाहरूमा सशस्त्र द्वन्द्व र हिंसाका प्रभावहरू विविध, जटिल र बहुआयामिक हुन्छन् र यसले गम्भीर शारीरिक, विकासजन्य, भावनात्मक र मानसिक क्षति निम्त्याउन सक्छ ।

सबैभन्दा प्रत्यक्ष रूपमा उनीहरूले सशस्त्र हिंसाको निशाना बनेर जानाजान र अनजानमा साना हातहतियार र हलुका हतियारहरूसँग अन्तरक्रियाको परिणाम स्वरूप हुने दुर्घटनाहरू मार्फत मृत्यु र चोटपटक भोग्छन् । सशस्त्र हिंसाको पीडित, साक्षी वा पीडक भएको कारणले उनीहरूले मनोसामाजिक


© United Nations 2018 – All rights reserved

पीडा र आघात पनि भोग्छन्, र त्यसको उनीहरूको त्यसपछिको विकासक्रममा गम्भीर नकारात्मक प्रभाव पार्न सक्छ ।

बालबालिका, किशोरकिशोरी र युवाहरू पनि साना हातहतियार र हलुका हतियारहरूको उपलब्धता र दुरुपयोगको गम्भीर अप्रत्यक्ष प्रभावबाट ग्रस्त छन्, जसमा आमाबाबु, परिवारका अन्य सदस्यहरू र साथीहरूको मृत्यु र चोटपटक, द्वन्द्व-सम्बन्धित विस्थापन र शिक्षा र स्वास्थ्य सेवाहरूमा पहुँच वा गुणस्तरको कमी समावेश छन् ।

साना हातहतियारले बालबालिकाहरूका लागि विशेष जोखिम प्रस्तुत गर्दछ । उनीहरूको सानो आकार र हलुका तौलले गर्दा त्यसलाई प्राप्त गर्ने बालबालिकाहरुलाई त्यो उठाउन र चलाउन सहज बनाउँछ, जसले दुर्घटनावश प्रहारले मृत्यु वा चोटपटक निम्त्याउन सक्छ । तिनीहरूको कमजटिल डिजाइनको अर्थ भनेको सशस्त्र बल वा समूहहरूसँग आवद्ध बालबालिकाहरूलाई तिनीहरूलाई प्रयोग गर्न र मर्मतसम्भार गर्न छिटो सिकाउन सकिन्छ ।

यी गम्भीर प्रभावहरूका बावजुद, बालबालिका, किशोरकिशोरी र युवाहरूलाई आन्तरिक उत्थानशिल संयन्त्रहरू प्रदान गर्न सकिन्छ, जसले उनीहरूलाई साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोगको अनुभवबाट पर्ने आघात र पीडाको सामना गर्न मद्दत गर्दछ ।

## ६.२ प्रत्यक्ष प्रभाव

### ६.२.१ मृत्यु र चोटपटक

बालबालिका, किशोरकिशोरी र युवाहरू गर्भमा हुँदादेखि वयस्क हुँदासम्म साना हातहतियार र हलुका हतियार प्रयोगबाट हुने मृत्यु र चोटपटकको जोखिममा पर्न सक्छन् ।

घरमा सानो हातहतियारको उपस्थितिले अन्तरंग व्यक्ति, परिवारसँग सम्बन्धित र घरेलु हिंसाका साथै आत्महत्याको प्रयास घातक हुने वा गर्भवती महिलालगायतका लागि गम्भीर चोटपटक निम्त्याउने जोखिमलाई उल्लेखनीय रूपमा बढाउँछ ।

साना हातहतियारहरू असुरक्षित अवस्था राखिने घरहरूमा बस्ने बालबालिकाहरू उनीहरुले फेला पार्ने साना हातहतियारको दुघर्टनावश प्रहारबाट आफू मारिने वा घाइने हुने वा अरूलाई मार्ने वा घाइते बनाउन ठूलो जोखिममा रहेका हुन्छन् ।

यद्यपि, बन्दुकको गोली लागेर मृत्यु र चोटपटकको सबैभन्दा ठूलो जोखिम किशोरकिशोरी, युवा र युवा वयस्कहरू, विशेष गरी १५-२९ वर्षका युवा पुरुषहरूलाई हुन्छ । विश्वका प्रायः सबै क्षेत्रमा अवैध सशस्त्र हिंसाका अधिकांश पीडित र पीडकहरू यही समूहमा पर्छन् । यसबाहेक, विश्व स्वास्थ्य संगठनको एक अनुमान अनुसार प्रत्येक युवा हत्यामा, करिव २० देखि ४० जना गैर-घातक युवा हिंसाका पीडितहरू अस्पतालमा उपचारत हुन्छन् ।

किशोरकिशोरी र युवा पुरुषहरू सशस्त्र हिंसामा संलग्न हुने र त्यसबाट पीडित हुने बढी जोखिममा छन् भने किशोरकिशोरी र युवतीहरू लैङ्गिक हिंसासहित यौन हिंसाको सिकार हुने बढी जोखिममा छन् । बन्दुकको बलमा गरिएका धेरै दुर्व्यवहारहरूले साना हातहतियारको उपलब्धता र दुरुपयोगको शक्ति र गुणक प्रभावलाई प्रतिबिम्बित गर्दछ ।

दशौं हजार बालबालिकाहरू विश्वभरका द्वन्द्वग्रस्त क्षेत्रहरूमा सशस्त्र बल वा समूहहरूसँग आबद्ध छन् र तिनबाट प्रयोग गरिएका छन्, र थप हजारौं विश्वव्यापी शहरी क्षेत्रहरुमा संगठित सशस्त्र हिंसाबाट शोषित छन् र त्यसमा सहभागी छन् । सशस्त्र समूहमा रहेका बालबालिकाहरू हिंसाको अपराध गर्छन्, साक्षी बन्छन् र त्यसको सिकार हुन्छन् ।

त्यस्ता बालबालिकाहरूलाई प्रायः पीडकको रूपमा चित्रण गरिए पनि, यसले उनीहरू वयस्कहरूको हातबाट शोषणको सिकार हुने र सशस्त्र समूहहरूमा उनीहरूको अनुभवले उनीहरूको शारीरिक र मानसिक स्वास्थ्य, कल्याण र विकासमा गम्भीर नकारात्मक प्रभाव पार्ने तथ्यलाई ओझेलमा पार्छ ।

© United Nations 2018 – All rights reserved

बालिका र युवतीहरू विशेषगरी द्वन्द्वग्रस्त क्षेत्र भित्र र बाहिर दुवैमा बलात्कार, जबरजस्ती वेश्यावृत्ति, यौनजन्य अपमान र प्रताडना, बेचबिखन र घरेलु हिंसालगायत लैङ्गिक हिंसाबाट पीडित हुने जोखिममा हुन्छन् । यस्तो अवस्थामा साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोगले त्यस्ता हिंसा थप बढाउने काम गर्दछ ।

### ६.२.२ मनोसामाजिक तनाव र आघात

मृत्यु र शारीरिक चोटपटकको देखिने प्रभावका अतिरिक्त, साना हातहतियार र हलुका हतियारहरूको उपलब्धता र दुरुपयोगले बालबालिका, किशोर र युवाहरूमा अदृश्य प्रभाव पनि पार्छ, जसले उनीहरूको मनोवैज्ञानिक र सामाजिक (अर्थात् मनोसामाजिक) व्यवहार र विकासमा नकारात्मक असर पार्न सक्छ ।

प्रभावित बालबालिकाहरूले निराशा, चिन्ता वा पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डरका लक्षणहरू देखाउन सक्छन्, जसले आक्रामक हुने, डर लाग्ने, ओछ्यानमा मुत्ने, दुःस्वप्न र सामाजिक एक्लोपना निम्त्याउन सक्छ । यसले बालबालिकाको विद्यालयमा सहभागिता र परिवार तथा साथीहरूसँगको सम्बन्धमा नकारात्मक असर पार्न सक्छ । सशस्त्र हिंसाका पीडित र पीडक दुवैले मनोसामाजिक पीडा र आघात अनुभव गर्न सक्छन् ।

सशस्त्र हिंसाको पीडित, साक्षी वा पीडकको रूपमा बालबालिकाले भोग्ने मनोवैज्ञानिक पीडा गम्भीर र दीर्घकालीन हुन सक्छ । विशेषगरी यदि लगातारको कष्टप्रद अनुभव विकसित हुँदै गयो भने, मनोवैज्ञानिक तनाव आघातमा परिणत हुनसक्छ र दीर्घकालीन मानसिक स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ ।

बालबालिका, किशोरकिशोरी र युवाहरूको प्राकृतिक उत्थाशिलतालाई त्यस्ता धक्काहरूको सामना गर्न मद्दत गर्न सहयोग उपलब्ध गराइएन भने उनीहरूको स्वास्थ्य र विकासमा नकारात्मक असर पर्ने सम्भावना रहन्छ । तथापि उपयुक्त र पर्याप्त मनोसामाजिक सहयोग प्रदान गरेमा सशस्त्र हिंसाबाट प्रभावित बालबालिका, किशोरकिशोरी र युवाहरूले त्यस्ता अनुभवहरूबाट पुनर्लाभ गर्न ठूलो उत्थानशिलता र प्रभावशाली क्षमता देखाउन सक्छन्।

आन्तरिक उत्थानशिलताका तत्वहरूका अतिरिक्त, बाहिरी उत्थानशिलताका तत्वहरूले पनि बालबालिकालाई कुनै कुरासँग मुकाबिला गर्न भूमिका खेल्छन् । सहयोगी घर, विद्यालय र सामुदायिक वातावरणले बालबालिका, किशोरकिशोरी र युवाहरूको प्राकृतिक रुपमा कुनै स्थितिसँग जुझ्न सक्ने रणनीतिहरूलाई प्रवर्द्धन र बलियो बनाउन सक्छ ।

सहयोगी वातावरणका महत्वपूर्ण तत्वहरूमा सामुदायिक सहयोग, पारिवारिक एकता, हेरचाहकर्ताहरूसँगको स्वस्थ नजिकपना, हेरचाहकर्ताहरूको मनोवैज्ञानिक स्वास्थ्य र जुझ्न सक्ने क्षमता, पर्याप्त स्वास्थ्य र शिक्षा सेवाहरू, र सामाजिक पूर्वाधारहरू समावेश छन् । यस्तो वातावरणले व्यक्तिगत उत्थानशिलतालाई बलियो बनाउन सक्छ भने सशस्त्र हिंसाको परिणाम स्वरूप पर्ने मनोसामाजिक प्रभावहरूको गम्भीरता र अवधिलाई कम गर्दछ ।

## ६.३ अप्रत्यक्ष प्रभावहरू

### ६.३.१ साधारण

युवा पुरुषहरू प्रत्यक्ष द्वन्द्वसिर्जित मृत्युको उच्च जोखिममा हुन्छन् भने अप्रत्यक्ष मृत्युले पाँच वर्ष मुनिका बालबालिका सहित सबै उमेर समूहहरूलाई असर गर्छ ।

### ६.३.२ परिवारका सदस्य र दौंतरीहरूको मृत्यु र चोटपटक

सशस्त्र हिंसाको परिणाम स्वरूप आमाबाबु, परिवारका अन्य सदस्य वा साथीहरूको मृत्यु वा चोटपटकबाट हुने परिवर्तनहरूले बालबालिका, किशोरकिशोरी र युवाहरूलाई मनोवैज्ञानिक, सामाजिक र भावनात्मक रूपमा असर गर्न सक्छ ।

 © United Nations 2018 – All rights reserved

यस्ता परिवर्तनहरूका कारण उनीहरूलाई नयाँ व्यावहारिक वास्तविकताहरूको पनि सामना गर्नुपर्ने हुनसक्छ । कमाउने, हेरचाह गर्ने वा अन्य सहयोगी वयस्कको मृत्यु वा चोटपटकले परिवारको सामाजिक-आर्थिक स्थितिमा गहिरो प्रभाव पार्न सक्छ र बालबालिका, किशोरकिशोरी र युवाहरूलाई घरमा नयाँ जिम्मेवारीहरू लिन वा परिवारको गुजारा टार्न र प्रायः आफ्नै शिक्षाका लागि उनीहरूलाई वैतनिक रोजगार खोज्न बाध्य पार्न सक्छ ।

घरखर्च चलाउने व्यक्तिको मृत्यु वा चोटपटकका कारणले पारिवारिक आम्दानीमा आउने ह्रासले बालबालिका र किशोरकिशोरीलाई शोषणकारी श्रम र आफ्नो परिवारबाट एक्लाइने जोखिममा पार्नसक्छ । आमाबाबु मारिएका बालबालिकाहरू पनि सशस्त्र समूह वा गिरोहले दिने कथित सुरक्षाको खोजीमा त्यस्ता समूहहरुमा सामेल हुन सक्छन् ।

### ६.३.३ विस्थापन

युद्ध र द्वन्द्व मानिसहरुको जबर्जस्ती बसाइँसराईका प्रमुख कारणहरू हुन् र सबै शरणार्थी र विस्थापित मानिसहरूमध्ये लगभग आधा बालबालिका, किशोरकिशोरी र युवा छन् ।

हिंसा वा विस्थापनका कारण आफ्नो परिवारबाट अलग भएका बालबालिकालाई उनीहरूको भावनात्मक सुरक्षा र संरक्षणको प्राथमिक स्रोतबाट पनि अलग गरिएको हुन्छ । छुट्टिएका बालबालिकाहरू विशेषगरी यौन हिंसा, अपहरण र सशस्त्र समूहहरूमा भर्तीलगायत हिंसा, दुर्व्यवहार र शोषणको जोखिममा पर्न सक्छन् । विस्थापनले पोषण, स्वास्थ्य सेवा र शिक्षा जस्ता आधारभूत आवश्यकताहरूमा बालबालिकाको पहुँचलाई पनि असर गर्छ ।

शिविर र अन्य विस्थापितहरु रहने स्थानहरूमा अपर्याप्त सुरक्षा र कानून कार्यान्वयन, अपरिचित व्यक्तिहरूसँगको सम्पर्क, भीडभाड, जीविकोपार्जनमा पुगेको क्षति र त्यससँग सम्बन्धित अशक्तिकरणको अनुभूतिका कारण विस्थापित महिला र केटीहरू विशेषगरी यौन हिंसासहित लैङ्गिक हिंसाको जोखिममा पर्ने गर्छन् ।

साना हातहतियार र हलुका हतियारहरू व्यापक रूपमा उपलब्ध हुने अवस्थामा यी जोखिमहरू जटिल हुन्छन् । शरणार्थी शिविरहरूको सैन्यीकरण हुँदा सशस्त्र समूहहरूले शरणार्थी समुदायहरूलाई बालबालिका, किशोरकिशोरी र युवाहरूलाई भर्ती गर्न र बलात्कार, जबरजस्ती वेश्यावृत्ति र दासत्व जस्ता दुर्व्यवहारहरू गर्न लक्षित गर्न सक्छन् ।

साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोगले प्रायः शरणार्थी र विस्थापित बालबालिका, किशोरकिशोरी र युवाहरूलाई शरणार्थी शिविर र विस्थापितहरु बस्ने स्थानहरूमा, र समग्र समुदायमा द्वन्द्व समाप्त भएपछि पनि असर गरिरहेको हुन्छ ।

### ६.३.४ अत्यावश्यक आवश्यकता र सेवाहरूमा न्यून पहुँच

#### ६.३.४.१ पोषण

सशस्त्र द्वन्द्वको प्रत्यक्ष परिणामको रूपमा प्रत्येक वर्ष उल्लेखनीय संख्यामा बालबालिका, किशोरकिशोरी र युवाहरू मारिने र घाइते हुने गरेको भए तापनि सशस्त्र द्वन्द्वमा परेका धेरैको अप्रत्यक्ष प्रभाव, विशेषगरी कुपोषण र रोगका कारण मृत्यु हुन्छ । विशेषगरी नवजात शिशु र बालबालिकाहरुका लागि उनीहरुको समानुपातिक उच्च पोषण आवश्यकताहरुका कारण कुपोषणको जोखिम बढी हुन्छ ।

आजका धेरै सशस्त्र द्वन्द्वहरू विश्वका केही सबैभन्दा गरिब देशहरूमा भइरहेका छन् । सशस्त्र द्वन्द्वले खाद्य उत्पादन र वितरणमा र मानवीय सहायताको वितरणमा बाधा पुर्याएर पहिले नै कुपोषण र रोगलाई बढाउन सक्छ । विशेषगरी पाँच वर्ष मुनिका बालबालिका कुपोषण र संक्रमणको जोखिममा हुन्छन् ।

© United Nations 2018 – All rights reserved

### ६.३.४.२ स्वास्थ्य सेवा

द्वन्द्वले स्वास्थ्य सेवामा रहेको पहुँचलाई सीमित गर्छ, र त्यसले बालबालिकामाथि बढी प्रभाव पार्न सक्छ। द्वन्द्वको स्थितिमा, स्वास्थ्य केन्द्रहरू प्रायः सशस्त्र समूहहरूको निशानामा पर्ने गर्छन्, जसले औषधि र चिकित्सा सामग्री लुट्ने र आफ्नै घाइते साथीहरूको उपचार गर्न स्वास्थ्यकर्मीहरूको अपहरण गर्ने गर्छन्। यस्तो परिस्थितिमा, स्वास्थ्य संस्थाहरू प्रायःबन्द हुन बाध्य हुन्छन्। र जो खुला रहन्छन् प्रायः हिंडडुलमा लागेको प्रतिबन्ध वा असुरक्षाको कारण त्यहाँसम्म पुग्न गाह्रो हुन्छ।

स्वास्थ्य सेवाहरू कमजोरी बनाइएका वा अवरुद्ध भएका द्वन्द्वग्रस्त अवस्थाहरूमा बालबालिकाहरूले आवश्यक खोप र अन्य रोकथामजन्य उपचार नपाउने सम्भावना बढी हुन्छ र मलेरिया, दादुरा, झाडापखाला, निमोनिया, क्षयरोग र तीव्र श्वासप्रश्वास संक्रमण जस्ता रोकथाम गर्न सकिने रोगहरूको शिकार हुने सम्भावना बढी हुन्छ।

द्वन्द्वबाट खानेपानी र सरसफाइ प्रणालीहरू क्षतिग्रस्त, प्रदूषित वा नष्ट हुन सक्छन्, र त्यसबाट हैजा, झाडावान्ता र टाइफाइड जस्ता पानीजन्य रोगहरूको जोखिम बढ्न सक्छ।

प्रजनन् स्वास्थ्य सेवाहरू गर्भवती किशोरीहरू र महिलाहरूको स्वास्थ्यका साथै उनीहरूका बालबालिकाको स्वास्थ्यको लागि महत्वपूर्ण छन्। १५ वर्षको उमेर नपुग्दै बच्चा जन्माउने बालिकाको मृत्यु हुने सम्भावना बीस वर्षको महिलाको तुलनामा धेरै गुणा बढी हुन्छ।सशस्त्र द्वन्द्व वा हिंसाको समयमा स्वास्थ्य सेवाहरू कम भएमा युवा गर्भवती आमाहरूको अवस्था बिग्रन्छ। स्वास्थ्य शिक्षा, हेरचाह, र परामर्श विशेषगरी बलात्कृत हुन पुगेका महिला र किशोरीहरुका लागि महत्वपूर्ण छ।

त्यसैगरी, गैर-द्वन्द्व अवस्थाहरूमा उच्च स्तरको अन्तर-व्यक्तिगत सशस्त्र हिंसाको अनुभव गर्ने, बन्दुकको घाउको उपचारमा सीमित स्रोतहरू निर्देशित गर्ने आवश्यकताले स्वास्थ्य सेवा प्रणालीमा पर्ने दवाबले बालबालिकाहरुका लागि सहित आधारभूत उपचारका लागि उपलब्ध स्वास्थ्य सेवाको गुणस्तर घटाउन सक्छ।

### ६.३.४.३ शिक्षा

बालबालिका, किशोरकिशोरी र युवाहरूमा सशस्त्र हिंसाको व्यापक प्रभावहरू मध्ये शिक्षामा पहुँच कम हुनु हो। विशेषगरी सशस्त्र समूहहरू र द्वन्द्वरत सेनाहरूले विद्यालय र शिक्षकहरूलाई आक्रमणको रणनीतिक लक्ष्यको रूपमा लिएको वा विद्यालहरू आफू र आफ्नो हतियारको सुरक्षा गर्न ब्यारेकको रूपमा प्रयोग गरेको अवस्थामा अत्यधिक अस्थिरताका कारण विद्यालयहरू बन्द गर्न बाध्य हुन सक्छ। विस्थापन वा डरका कारण दक्ष शिक्षक उपलब्ध नहुने हो भने शिक्षाको गुणस्तरमा असर पर्न सक्छ।

बालबालिका र किशोरकिशोरीहरू केन्द्रित हुने स्थान भएकाले विद्यालयहरू बालबालिकालाई गिरोह वा अन्य सशस्त्र समूहहरूमा भर्ती गर्ने, लागूऔषध बेच्ने, र विद्यालय जाने आउने क्रममा वा विद्यालयमा पनि बालबालिकामाथि आक्रमण गर्ने वा पैसाका लागि अपहरण गर्ने कार्य हुनसक्छ। यस्ता आक्रमणहरूको जोखिममा महिला शिक्षाको विरोध हुने ठाउँमा छात्राहरूको विद्यालय र छात्राहरु पर्न सक्छन्। विशेषगरी विद्यार्थीहरू पनि गिरोह सदस्यहरू रहेको र विद्यालयहरूमा साना हातहतियार ल्याउने गरेको अवस्थामा गिरोह-सम्बन्धित हिंसा विद्यालयहरूमा फैलिन सक्छ।

राजनीतिक रूपमा विवादित, द्वन्द्व प्रभावित क्षेत्रहरूमा मतदान केन्द्रको रूपमा प्रयोग हुने विद्यालयहरू चुनावमा बाधा पुर्याउन चाहने विपक्षी समूहहरूका लागि निशाना हुन सक्छन्।

सशस्त्र हिंसाको साक्षी, पीडित वा पीडकका रुपमा पर्ने मनोसामाजिक प्रभावहरूले बालबालिकाको संज्ञानात्मक विकास र विद्यालयमा हुँदा कक्षामा प्रभावकारी रूपमा सहभागी हुने र सिक्ने क्षमतामा नकारात्मक प्रभाव पार्न सक्छ।

नोटः थप मार्गदर्शनको लागि, परिशिष्ट च मा रहेको “सशस्त्र द्वन्द्वको समयमा सैन्य प्रयोगबाट विद्यालय र विश्वविद्यालयहरूको सुरक्षाका लागि मार्गदर्शन“ हेर्नुहोस्।


© United Nations 2018 – All rights reserved

सशस्त्र द्वन्द्व र गिरोह हिंसाको परिप्रेक्ष्यभन्दा बाहिर विद्यालयमा साना हातहतियारको उपस्थितिले बालबालिका, किशोरकिशोरी र युवाहरूको शिक्षामा बाधा पुऱ्याउने र उनीहरूलाई शारीरिक तथा मनोवैज्ञानिक क्षतिको जोखिममा पार्न सक्छ । बालबालिकालाई विद्यालयमा सानो हातहतियार ल्याउन पूर्वनियोजित आक्रमण गर्ने, शिक्षक वा सहपाठीहरूलाई धम्की दिने, साथीहरूलाई प्रभाव पार्ने वा आक्रमण वा धम्कीबाट आफूलाई बचाउन लगायतका विभिन्न कुराबाट प्रेरित गर्न सक्छ ।

## ६.४ साना हातहतियार र हलुका हतियारहरूको सामिप्यको सन्दर्भ

साना हातहतियार र हलुका हतियारहरू धेरै तरिकाले र धेरै फरक सन्दर्भहरूमा दुरुपयोग हुन सक्छ । बालबालिका, किशोरकिशोरी र युवाहरूलाई लक्षित गर्ने साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूले सो लागु हुने निश्चित परिस्थितिहरूलाई ध्यानमा राख्नुपर्छ । परिस्थितिहरुमा देहायलगायत रहेका छन् : द्वन्द्व र द्वन्द्व पछिको अवस्था, शान्तिको समयमा समाज, सङ्क्रमणकालीन सन्दर्भ, शहरी र ग्रामीण वातावरण, आदि । प्रत्येक परिस्थितिमा साना हातहतियारहरू र हलुका हतियार नियन्त्रण कार्यक्रमहरुका लागि ध्यानमा राख्नु पर्ने प्रवेश बिन्दु र विचार गर्नुपर्ने विशेष मुद्दाहरु हुन सक्छन् ।

उदाहरण : सशस्त्र बल वा समूहहरूसँग आवद्ध बालबालिकाहरू सामान्यतया द्वन्द्वग्रस्त क्षेत्रहरूमा सशस्त्र सेना वा सशस्त्र समूहका संरचनाहरूसँग जोडिएका हुन्छन् भने संगठित आपराधिक गिरोह हिंसा सहितसंगठित अपराधले सबै परिस्थितिलाई प्रभावित गर्न सक्छ । केही सन्दर्भहरूमा, निःशस्त्रीकरण, विघठन र पुनःएकीकरणका प्रयासहरूसँग जोड्नु आवश्यक हुन सक्छ भने अन्यमा राष्ट्रिय कानूनलाई बलियो बनाउन वा शक्ति र हैसियतको प्रतीकको रूपमा साना हातहतियारहरूको प्रतिरोध गर्ने कार्यक्रमलाई प्राथमिकताहरूको रूपमा पहिचान गर्न सकिन्छ ।

साना हातहतियार र हलुका हतियारहरूसँगको सामिप्यताको विभिन्न प्रकृति र तीव्रताका साथै बालबालिका, किशोरकिशोरी र युवाहरू बसोबास गर्ने अवस्था र परिस्थितिहरूले साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई सुसूचित गर्नेछ ।

नोटः थप जानकारीको लागि, हेर्नुहोस्, मोजेइक ०४.२०, सामुदायिक सुरक्षा कार्यक्रमको डिजाइन र कार्यान्वयन; मोजेइक ०४.३०, सचेतना-अभिवृद्धि; र मोजेइक ०५.१०, साना हातहतियार र हलुका हतियार सर्वेक्षणहरूको सञ्चालन ।

# ७ सामान्य सिद्धान्तहरू

## ७.१ बाल अधिकारको सम्मान

किशोरावस्थाका नाबालिगहरूसहित बालबालिकामा प्रभाव पार्ने अपेक्षा गरिएको सबै साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यहरू बालअधिकार महासन्धि अनुसार गरिने छ । त्यसमा विशेषगरी,

क) बालबालिकाको जीवन, अस्तित्व र विकासको अन्तर्निहित अधिकार अनुसार संरक्षण र हेरचाह गरिनेछ ; र

ख) सहभागिता, गैर-भेदभाव, सशक्तीकरण र जवाफदेहिताका सिद्धान्तहरू अंगाल्दै बालबालिकासँग सम्बन्धित सबै गतिविधिहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिनेछ ।

## ७.२ सबै प्रकारका हिंसाबाट सुरक्षा

बालबालिका, किशोरकिशोरी र युवाहरूलाई सबै प्रकारका शारीरिक र मानसिक हिंसा र चोटपटकबाट जोगाउन सबै उपयुक्त विधायिकी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अवलम्बन गरिनेछन् ।

बालबालिका, किशोरकिशोरी र युवाहरू समावेश हुने साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रम बाल विकास, बाल अधिकार र बाल संरक्षणको राम्रो ज्ञान भएका व्यक्तिहरूद्वारा विकास गरिनुपर्छ ।

© United Nations 2018 – All rights reserved 

बालबालिका, किशोरकिशोरी, युवा र साना हातहतियार र हलुका हतियारसम्बन्धी छलफल र कार्यक्रम विकासमा युनिसेफका प्रतिनिधि र उनीहरुको योगदान समावेश हुनुपर्छ ।

कार्यक्रमका योजनाकारहरूले विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ, युएन अफिस अफ ड्रग्स एण्ड क्राइम र अन्यले संयुक्त रूपमा विकास गरेका बालबालिका विरुद्ध हुने हिंसा रोक्नको लागि ७ रणनीति, दृष्टिकोण र क्षेत्रहरू (हेर्नुहोस् खण्ड ५.६ र परिशिष्ट क )लाई ध्यानमा राख्नुपर्छ ।

किशोरावस्थाका नाबालिगहरू सहित बालबालिकासँगको सहभागितामूलक कार्य बाल संरक्षण नीति(खण्ड ८ हेर्नुहोस्)मा आधारित हुनेछ ।

आफूसँग काम गर्ने बालबालिका, किशोरकिशोरी र युवाहरुको हेरचाह गर्ने कर्तव्य संस्थाहरुको हो र दुर्व्यवहार र शोषणको जोखिमलाई कम गर्नेछन् ।

## ७.३ सुरक्षा र संरक्षण

साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूले बालबालिका, किशोरकिशोरी र युवाहरूलाई जोखिममा पार्ने कुराहरु कम गर्न सबै आवश्यक सावधानीहरू अवलम्बन गर्नेछन् ।

बालबालिका, किशोरकिशोरी वा युवाहरू संलग्न हुने वा प्रभाव पार्ने साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूले मोजेइक ०४.३०, सचेतना-अभिवृद्धिका अनुसार साना हातहतियार, हलुका हतियार र तिनका गोलाबारुदको खतरनाक प्रकृतिको बारेमा प्रभावित व्यक्तिहरूलाई नियमित रुपमा जोखिम शिक्षा प्रदान गरिएको सुनिश्चित गर्नेछ ।

बालबालिकाहरू, विशेषगरी युवा र पूर्व-किशोरावस्थाका बालबालिकाहरूलाई शारीरिक रूपमा साना हातहतियार, हलुका हतियार र तिनका गोलाबारूदबाट सधैं टाढा राखिनेछ ।

नियन्त्रणको प्रयास (जस्तै किशोरकिशोरी र युवाहरूले सङ्कलन कार्यक्रमको क्रममा साना हातहतियारहरू हस्तान्तरण गर्दैछन् भने) साना हातहतियारहरू, हलुका हतियारहरू र तिनका गोलाबारुदबाट कशोरकिशोरी र युवाहरुलाई शारीरिक रूपमा अलग राख्न सम्भव नभएपनि यस्तो शारीरिक विभाजन जोखिम न्यूनीकरण गर्न सम्भव भएसम्मको हदसम्म लागू गर्नुपर्छ ।

साना हातहतियारहरू वा हलुका हतियारहरूको उपस्थिति रहेको कुनै पनि वातावरणमा बालबालिका, किशोरकिशोरी र युवा, विशेषगरी केटाहरू र युवा पुरुषहरू त्यससँग जोडिएर आउने जोखिमहरूप्रति सचेत गराइएको भए तापनि त्यसलाई चलाउन प्रलोभित हुनेछन् । यो विशेषगरी प्रचलित सामाजिक मुल्यमान्यताहरूले साना हातहतियार र हलुका हतियारहरूको स्वामित्व र प्रयोगलाई स्वीकार वा प्रोत्साहन गर्ने परिवेशमा सत्य कुरा हो ।

बालबालिका, किशोरकिशोरी र युवाहरू पनि साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूलाई निरुत्साहित वा बिगार्न खोज्ने पक्षहरूको निशानामा पर्ने जोखिममा पर्न सक्छन् । उनीहरूको संरक्षण र सुरक्षा सुनिश्चित गर्न विशेष ध्यान दिइनुपर्छ ।

## ७.४ सहभागिता र परामर्श

साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रम चक्रभरी सान्दर्भिक भए अनुसार बालबालिका, किशोरकिशोरी र युवाहरूको प्राथमिकता र विचारलाई ध्यानमा राख्नुपर्छ ।

कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा बालबालिका, किशोरकिशोरी र युवाहरूको सहभागिताले सम्बन्धित कार्यक्रमको स्वामित्व, स्वीकृति र दिगोपन बढाउन सक्छ । यद्यपि, यो देखावटी मात्र हुने जोखिमका कारणले यस्तो सहभागिता प्रतीकात्मक मात्र नभई समान प्रतिनिधित्व र शक्ति बाँडफाँड हुनुपर्छ भन्ने कुरा सुनिश्चित गर्न ध्यान दिइनेछ ।

साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा बालबालिकाको सहभागितालाई https://www.unicef.org/adolescence/cypguide/resourceguide_ethics.html.


© United Nations 2018 – All rights reserved

मा युनिसेफद्वारा प्रस्तावित गरेको जस्ता सान्दर्भिक असल अभ्यास मार्गनिर्देशिकाहरू अनुसार व्यवस्थित गरिनुपर्छ । त्यस्ता मार्गनिर्देशिकाहरूले देहायका कुरा कसरी सुनिश्चित गर्ने भन्ने बारे व्यावहारिक मार्गदर्शन प्रदान गर्दछन् :

क) वयस्क संगठनहरू र श्रमिकहरू नैतिक सहभागितामूलक अभ्यास र बालबालिकाको सर्वोत्तम हितको सर्वोच्चतामा प्रतिबद्ध छन्;

ख) बालबालिका प्रक्रियाहरूमा सहभागी हुन्छन् र उनीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने विषयहरूलाई सम्बोधन गर्छन् र सहभागी हुने वा नहुने भन्ने छनौट गर्ने विकल्प उनीहरुलाई हुन्छ ।

ग) बालबालिकाले आफ्नो सहभागिताको लागि सुरक्षित, स्वागतयोग्य र उत्साहजनक वातावरणको अनुभव गर्छन् ;

घ) बाल सहभागिताले चुनौतीहरूलाई सम्बोधन गर्छ र भेदभाव र बहिष्कारको विद्यमान प्रवृत्तिलाई बढावा दिने काम गर्दैन, र बालबालिकाका ती समूहहरूलाई प्रोत्साहित गर्दछ जो सामान्यतया भेदभावको शिकार हुन्छन् र जसलाई प्रायः सहभागीमूलक प्रक्रियाहरूमा संलग्न हुने गतिविधिहरूबाट टाढा राखिन्छ ;

ङ) बालबालिकाको सहभागितालाई समर्थन वा सहजीकरण गर्ने कार्यमा संलग्न वयस्क कर्मचारी र प्रबन्धकहरूलाई उनीहरूको काम उच्च स्तरमा गर्न प्रशिक्षित र सहयोग गरिन्छ ;

च) बाल संरक्षण नीति र प्रक्रियाहरू बालबालिकासँगको सहभागितामूलक कार्यको एउटा आवश्यक अंश हो (खण्ड ड हेर्नुहोस्); र

छ) बालबालिकाको संलग्नताप्रतिको सम्मानलको संकेत प्रतिक्रिया दिने र/वा फलोअप गर्ने र बालबालिकाको सहभागिताको गुणस्तर र प्रभावको मूल्याङ्कन गर्ने प्रतिबद्धताद्वारा गरिएको हुन्छ ।

## ७.५ सहकार्य र सहक्रिया

साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूलाई सम्भव भएसम्म बालबालिका, किशोरकिशोरी र युवाहरूसँग सम्बन्धित अन्य कार्यक्रमहरूसँग जोडिनु पर्छ; जस्तै

क) पूर्व लडाकुहरूको निःशस्त्रीकरण, विघठन र पुनः एकीकरण;

ख) सशस्त्र बल वा समूहहरूसँग आबद्ध बालबालिकाहरूको पुनः एकीकरण;

ग) प्रभावित र पीडित सहायता;

घ) बालबालिकाका लागि न्याय;

ङ) किशोरकिशोरी र युवा रोजगारीका कार्यक्रमहरु ;

च) सुरक्षा क्षेत्र सुधार;

छ) हानिकारक सामाजिक अभ्यास र मान्यताहरू रूपान्तरण गर्ने प्रयासहरू; र

ज) समुदायमा आधारित बाल संरक्षण र प्रहरी सेवा ।

## ७.६ लिङ्ग, उमेर, संस्कृति र सन्दर्भ

वयस्कहरू भन्दा धेरै विविध नभएपनि बालबालिका, किशोरकिशोरी र युवाहरू उनीहरु जत्तिकै विविध छन् । किशोरकिशोरी र युवाहरूको आवश्यकता र अनुभवहरू सामान्यतया युवा र पूर्व किशोरावस्थाका बालबालिकाहरू भन्दा फरक हुन्छन् । एउटै उमेरका व्यक्तिहरूसँग साना हातहतियार र हलुका हतियारहरूको समान बुझाई, अनुभव, सीप, रुचि र क्षमता नहुन सक्छ ।

© United Nations 2018 – All rights reserved

उमेर, लिङ्ग, वर्ग, जाति र आय-स्तर जस्ता पहिचान चिन्हका साथै व्यक्तिले आफूलाई पाउने संस्कृति र सन्दर्भलाई बालबालिका, किशोरकिशोरी वा युवा संलग्न हुने साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरू तर्जुमा गर्दा ध्यानमा राख्नुपर्छ ।

## ८ बाल संरक्षण नीति

### ८.१ साधारण

बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा काम गर्ने सबै संस्थाहरूले बाल संरक्षण नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ । बाल संरक्षण नीति भनेको बालबालिकालाई सुरक्षित राख्नका लागि संस्था वा समूहले के गर्नेछ भन्ने कुरा स्पष्ट पार्ने वक्तव्य हो ।

### ८.२ अन्तर्वस्तु

बालबालिका संरक्षण नीतिमा निम्नलिखित कुराहरु समावेश गर्नुपर्छ

क) सबै बालबालिकाको सुरक्षा गर्ने संस्थाको प्रतिबद्धतालाई बयान गर्ने वक्तव्य;

ख) बालबालिकालाई सुरक्षित राख्न र कुनै सरोकारको विषयलाई संस्थाले सम्बोधन गर्न के गर्नेछ भन्ने विवरण; र

ग) नीतिका साथ सहयोगी कार्यविधिहरूको सूची ।

### ८.३ विचार गर्नुपर्ने प्रश्नहरू

बाल संरक्षण नीतिको मसौदा तयार गर्दा, निम्नलिखित प्रश्नहरूमाथि विचार गर्नुपर्छ:

क) बालबालिकाका लागि सम्भावित जोखिमहरू के-के हुन्? कसले जोखिम निम्त्याउन सक्छ? कस्ता परिस्थितिहरूले जोखिम बढाउन सक्छ? लैङ्गिक आधारमा जोखिमहरू के-के हुन्?

ख) संस्थाका लागि काम गर्ने वा स्वयंसेवा गर्नेहरुका बारेमा कसरी जाँचबुझ गरिएको छ र यो नयाँ कर्मचारी/स्वयंसेवकहरूका लागि कसरी गरिन्छ ।

ग) कसैले कुनै विषयबारे आपत्ति जनाउन सक्ने विभिन्न तरिकाहरू के हुन्?

घ) संस्थाले हानि/क्षति पुगेको कुरा वा आरोपलाई कसरी सम्बोधन गर्नुपर्छ ?

ङ) बाल संरक्षण नीति अन्य सान्दर्भिक नीति र कार्यविधिहरूसँग कसरी जोडिएको छ?

च) संस्थाले कर्मचारी र स्वयंसेवकहरूका लागि तालिम प्रदान गर्नुपर्छ?

छ) संस्थामा संलग्न सबैलाई बाल संरक्षणको महत्वबारे कसरी चेतना जगाउनुहुनेछ ?

### ८.४ मसौदा कार्य

बाल संरक्षण नीतिको मसौदा तयार गर्दा संस्थाले निम्नलिखित कार्यहरु गर्नुपर्छ

क) संस्थाको आवश्यकता अनुरूप नीति र प्रक्रियाहरूलाई मिलान गर्ने;

ख) समूह वा समुदायलाई सबैभन्दा बढी अर्थ लाग्ने शब्द र वाक्यांशहरूको प्रयोग गर्ने ;

ग) नीति सबैका लागि सान्दर्भिक छ भनी सुनिश्चित गर्न संस्थाका विभिन्न विभागका मानिसहरूलाई समावेश गर्ने ;

घ) तपाईंले बालबालिकाहरूलाई कसरी समावेश गर्न सक्नुहुन्छ र उनीहरूको दृष्टिकोण कसरी समावेश गर्न सक्नुहुन्छ भन्ने बारे सोचविचार गर्नुहोस् ; र


© United Nations 2018 – All rights reserved

ङ) बिभिन्न भूमिकामा रहेका विभिन्न व्यक्तिहरूलाई नीति पढ्न र संस्थामा सबैका सान्दर्भिक छ भनी सुनिश्चित गर्न प्रतिक्रिया दिन आग्रह गर्नुहोस् ।

### ८.५ संरचना

बाल संरक्षण नीति संक्षिप्त हुनुपर्छ (सकेसम्म २ पृष्ठ भन्दा कम) र निम्नलिखित कुराहरु समावेश गर्नुपर्छः

#### ८.५.१ नीतिको प्रयोजन र उद्देश्य

संस्था, यसको उद्देश्य र कामकारवाहीबारे जानकारी गराउन । बालबालिकालाई सुरक्षित राख्नको लागि संस्थाको प्रतिबद्धता निर्धारण गर्न र विस्तृत रूपमा संस्थाले यो प्रतिबद्धता कसरी पूरा गर्नेछ भन्ने कुरा प्रस्तुत गर्न ।

#### ८.५.२ सान्दर्भिक मार्गदर्शनसंगको जोड

बाल अधिकार महासन्धिसहित नीतिलाई समर्थन गर्ने मुख्य कानून, मापदण्ड र अन्य मार्गनिर्देशनहरू संक्षिप्त रूपमा उल्लेख गर्नुहोस् । नीति अन्य सान्दर्भिक संगठनात्मक नीतिहरू र प्रक्रियाहरू जस्तै फोटो र भिडियो खिच्ने, इन्टरनेट प्रयोग, भर्ती, आदिसँग कसरी जिडिन्छ भनेर व्याख्या गर्नुहोस् ।

#### ८.५.३ समानता वक्तव्य

उमेर, अपाङ्गता, लिङ्ग, जातीय उत्पत्ति, धार्मिक आस्था, यौन झुकाव वा पहिचान, आदि जस्ता कुनै पनि विशेषताहरू जे-जस्तो भए तापनि सबै बालबालिका र युवाहरूलाई समान संरक्षण प्राप्त हुनेछ भन्ने प्रभाव दिने वक्तव्य समावेश गर्नुहोस् ।

नीतिले भेदभाव विरोधी अभ्यासप्रति संस्थाको प्रतिबद्धता जनाउनु पर्छ र अल्पसंख्यक जातीय समूह र अपाङ्गता भएका बालबालिकाका थप आवश्यकताहरू र उनीहरूले सामना गर्न सक्ने अवरोधहरू, विशेषगरी सञ्चारको सम्बन्धमा स्पष्ट रूपमा पहिचान गरिनुपर्छ ।

#### ८.५.४ नीतिको दायरा

नीतिले सबै बालबालिकालाई समेट्छ र बालबालिकाहरूसँग प्रत्यक्ष रूपमा काम गर्नेहरूलाई मात्र नभई संस्थाका सबै वयस्कहरू (कर्मचारी र स्वयंसेवक, पूर्णकालीन र आंशिक) मा लागू हुन्छ ।

#### ८.५.५ मितिहरू

नीतिमा देहाय कुराहरु समावेश हुनेछ :

क) नीति लागू हुने मिति; र

ख) यसको समीक्षाको आवधिकता (जस्तै वार्षिक)।

## ९. बालबालिका, किशोरकिशोरी र युवाहरूको लागि कार्यक्रम

### ९.१ साधारण

साना हातहतियार र हलुका हतियारसँग बालबालिका, किशोरकिशोरी र युवाहरूको संलग्नता धेरै हदसम्म उनीहरू बसोबास गर्ने परिस्थितिमा निर्भर हुन्छ । बालबालिका, किशोरकिशोरी र युवाहरूमाथि लक्षित प्रभावकारी नियन्त्रण कार्यक्रम बनाउन साना हातहतियार र हलुका हतियारहरूको प्रसार र दुरुपयोगमा योगदान गर्ने कारकतत्वहरू बुझ्न आवश्यक छ ।

© United Nations 2018 – All rights reserved

गरिबी, युद्ध, दुर्व्यवहार, अराजकता, दण्डहीनता, बेरोजगारी, असमानता, अल्पविकास, सहरीकरण, संरक्षणको आवश्यकता र आत्मीयताको भावना, क्रोध, बदला र सामाजिक तथा सांस्कृतिक मान्यताहरू केही बालबालिका, किशोरकिशोरी र युवाहरू सशस्त्र हिंसाका पीडित, साक्षी र अपराधी हुनुका कारणहरू हुन सक्छन् ।

बालबालिका, किशोरकिशोरी र युवाहरूले साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रममा सकारात्मक भूमिका खेल्न सक्छन् । कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा सुरक्षित र सक्रिय रूपमा संलग्न हुने अवसर उपलब्ध भएमा उनीहरू परिवर्तनका बहुमूल्य माध्यम बन्न सक्छन् ।

बालबालिका, किशोरकिशोरी र युवाहरूलाई उनीहरूमाथि लक्षित कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सुरक्षित र अर्थपूर्ण रूपमा सहभागी हुने अवसरहरू प्रदान गरिनुपर्छ । सुरक्षित र उपयुक्त भएको अवस्थामा उनीहरूलाई आफ्नो सहभागिताको दायरा र सर्तहरूबारे निर्णय गर्ने अधिकार हुनुपर्छ ।

कहिलेकाहीं सशस्त्र हिंसाको सन्दर्भमा बालबालिका र युवाहरू, विशेषगरी युवा पुरुषहरूलाई समस्याको मुख्य पक्षको रुपमा पहिचान गर्ने प्रवृत्ति भएपनि प्रायः बालबालिका र युवाहरूमध्येबाट सबैभन्दा खराब पीडकहरू विशेषगरी कठिन जीवन परिस्थितिका कारण र वयस्कहरुद्वारा गरिएको दुर्व्यवहार, शोषण र दुरुपयोग परिणामका रुपमा हुने गरेको कुरा याद राख्नु महत्वपूर्ण हुँन्छ ।

हिंसाका घटनामा सहभागी पछि सफलतापूर्वक पुनर्स्थापना गरिएका र हिंसा त्यागेका वा त्यसबाट टाढा रहेकाहरूसहित बालबालिका, किशोरकिशोरी र युवाहरूले आफ्ना दौंतरीहरूलाई प्रभाव पार्न सकारात्मक आदर्श व्यक्तिका रूपमा खेल्न महत्वपूर्ण भूमिका खेल्छन् ।

साना हातहतियार र हलुका हतियार नियन्त्रणका कार्यक्रमहरुले बालबालिका, किशोरकिशोरी र युवाहरूका लागि सुरक्षित, आश्वास्त र परवरिश गर्ने वातावरण सिर्जना गर्ने कुरा सुनिश्चित गर्नका लागि तल दिइएका प्रोग्रामिङ उप-खण्डहरू युनिसेफको सुरक्षात्मक वातावरण ढाँचा (UNICEF *Protective Environment Framework* ) द्वारा सूचित र अनुकूलित छन् ।

## ९.२ लैङ्गिकता र उमेरसम्बन्धी विचारणीय पक्षहरु

साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूले केटा, केटी, युवा र युवतीहरूका विभिन्न जोखिम, खतरा रुचि, आवश्यकता र प्राथमिकताहरूलाई पर्याप्त रूपमा सम्बोधन गरेको सुनिश्चित गर्न लैङ्गिकता र उमेर अनुसार संवेदनशील हुने गरी तर्जुमा र कार्यान्वयन गरिनेछ। ।

किशोर केटाहरू र युवा पुरुषहरू साना हातहतियार र हलुका हतियारको दुरुपयोगबाट पीडित र पीडक दुवैका रूपमा प्रत्यक्ष रूपमा प्रभावित हुन्छन् । किशोरकिशोरी र युवा पुरुषहरूको जोखिम र व्यवहार प्रायः पुरुषत्वसँग सम्बन्धित सामाजिक र समूह मान्यताहरूद्वारा प्रभावित हुन्छन् । पुरुषत्वलाई शक्ति, शारीरिक बल र हतियारहरूसँग जोड्ने सामुदायिक र सांस्कृतिक रूपमा परिभाषित भूमिका र सामाजिक मापदण्डहरूले युवा महिलाहरू भन्दा युवा पुरुषहरूमा उच्च मात्रामा हिंसात्मक व्यवहार निम्त्याउने गर्छ ।

सशस्त्र हिंसाका अधिकांश पीडित र पीडकहरू किशोरकिशोरी र युवा पुरुष, केटी, केटा र युवतीहरू विशेष प्रभावमा परेका छन् । यसमा कमाउने वा संरक्षक पुरुष गुमाउनु, घाइते परिवारको सदस्यको हेरचाहको बोझ, सार्वजनिक सेवाहरूको पतन, विस्थापन र यौन हिंसा समावेश हुन सक्छन् ।

यसका अतिरिक्त, बलात्कार, घरेलु हिंसा, हत्या र यौन दुर्व्यवहार महिलाको मृत्युको महत्वपूर्ण कारणहरू हुन् र १५ देखि ४४ वर्षका महिलाहरूका लागि चोटपटकका प्राथमिक कारणहरू हुन् । किशोरी र महिलाहरूले खास जोखिमहरुको सामना गर्न सक्छन् भन्ने कुरा पनि याद राख्नु महत्वपूर्ण भएपनि उनीहरुपनि सशस्त्र हिंसाका पीडकहरु हुनसक्छन् ।

बालबालिकहरू सबै एउटा समान समूहमा पर्दैनन् । विभिन्न उमेरका केटा र केटीहरूलाई साना हातहतियार र हलुका हतियारहरूले विभिन्न तरिकाले असर गर्न सक्छन् । उमेर अनुसारका आयामहरूलाई सम्बोधन गर्न बालबालिकाको जीवनको विभिन्न चरणहरूमा पर्ने प्रभावहरूको विश्लेषण र सम्बोधन गर्न


© United Nations 2018 – All rights reserved

जीवन-चक्र दृष्टिकोण लागू गर्नु उपयोगी हुन्छ । केटा र केटी दुवैले साना हातहतियार सम्बन्धी सबैभन्दा ठूलो जोखिमहरू किशोरावस्थामा सामना गर्छन् भन्ने कुरालाई ध्यानमा राख्दै किशोरावस्थाको विभिन्न चरणहरूमा प्रभावहरूको विश्लेषण र सम्बोधन गर्नु विशेष सान्दर्भिक हुन्छ, जस्तैः प्रारम्भिक (१० देखि १३ बर्ष), मध्य (१४ देखि १६ वर्ष) , र ढिलो (१७ देखि १९ वर्ष) ।

साना हातहतियार र हलुका हतियार दुरुपयोगको प्राथमिक पीडित र पीडक युवा पुरुषहरू भएकाले उनीहरूले नियन्त्रणका कार्यक्रमहरूको विकासमा केन्द्रीय भूमिका खेल्नुपर्छ । साथसाथै दुवै पीडित र पीडकका रूपमा केटीहरू र युवतीहरूले साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोगका सम्बन्धमा वैकल्पिक र त्यत्तिकै महत्वपूर्ण परिप्रेक्ष्य ल्याउन सक्छन् ।

विशेषत पीडकका रूपमा हेरिनेसहित किशोर केटाहरूलाई सुरक्षित रूपमा सहभागी हुने र योगदान गर्ने अवसर दिइएको सुनिश्चित गर्न विशेष कार्यक्रमहरु आवश्यक हुन सक्छ । योजनाको चरणमा केटीहरू र युवतीहरूका साथै केटाहरू र युवाहरूका आवाजहरू सुनिएको सुनिश्चित गर्न र विकास गरिएका कार्यक्रमहरूले केटा, युवा पुरुष, केटी र युवतीहरूलाई पनि समान रूपमा फाइदा पुर्‍याउने कुरा सुनिश्चित गर्न लैङ्गिक असन्तुलनलाई सच्याउने प्रयास गरिनेछ ।

नोटः लैङ्गिकतासँग सम्बन्धित साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमको दृष्टिकोणका बारेमा थप जानकारीको लागि, हेर्नुहोस् : मोजेइक ०६.१०, महिला, पुरुष र साना हातहतियार र हलुका हतियारहरूको लैङ्गिक प्रकृति ।

## ९.३ विचार र प्रतिनिधित्व

### ९.३.१ सामान्य

बालबालिका, किशोरकिशोरी र युवाहरूलाई उनीहरूको सुरक्षा र संरक्षणालाई असर गर्ने प्रक्रियाहरूमा समावेश गरिनेछ । साना हातहतियार र हलुका हतियार नियन्त्रणको सन्दर्भमा, उनीहरूसँग विचार राख्न पाउने र प्रतिनिधित्व गर्ने अधिकार छ । साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा अर्थपूर्ण र सुरक्षित तरिकाले प्रभाव पार्ने र सहभागी हुने अवसर उनीहरूलाई दिइनुपर्छ ।

नोटः बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको धारा १२ ले बालबालिकालाई उनीहरुको विचारको कदर हुनुपर्ने अधिकार छ भनी मान्यता दिएको छ । यस अधिकारको प्रयोगलाई व्यापक रूपमा 'सहभागिता' को रूपमा परिकल्पना गरिएको छ, जुन उनीहरूलाई प्रभाव पार्ने निर्णय र कार्यहरूमा संलग्न हुने र ती विचारहरूलाई ध्यान राखिनु पर्ने बालबालिकाको अधिकारलाई वर्णन गर्नको लागि संक्षिप्त रूपमा प्रयोग गरिन्छ ।

साना हातहतियार र हलुका हतियारहरूको दुरुपयोगको बारेमा प्रायः सबैभन्दा जोखिममा रहेका र सबैभन्दा बढी जानकार भएका पुग्न कठिन समूहहरुलाई समावेश गर्न विशेष ध्यान दिइनुपर्छ, र उनीहरूको सुरक्षा, संरक्षण र गोपनीयताको अधिकारमा कुनै सम्झौता गरिनु हुँदैन ।

नोट : पुग्न कठिन समूहहरूमा सडक बालबालिका, विद्यालय बाहिरका बालबालिका, संगठित आपराधिक समूह (जस्तै आपराधिक गिरोह) वा सशस्त्र समूहसँग आवद्ध बालबालिका, कानूनसँग द्वन्द्वमा रहेका बालबालिका, सशस्त्र हिंसाबाट पीडित/प्रभावित र विस्थापित र अन्य सीमान्तकृत बालबालिका समावेश छन् ।

### ९.३.२ बालबालिका, किशोरकिशोरी र युवाहरूलाई सहभागी हुने हो भनेर सोध्नु अघि विचार गर्नुपर्ने प्रश्नहरू

साना हातहतियार र हलुका हतियारहरू नियन्त्रण गर्ने कार्यक्रमहरूको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सहभागी हुन बालबालिका, किशोरकिशोरी र युवाहरू (विशेष गरी सबैभन्दा सीमान्तकृत) का

© United Nations 2018 – All rights reserved

लागि ठाउँ र अवसर सिर्जना गर्नका लागि उल्लेखनीय रुपमा महत्वपूर्ण बजेट र मानव संसाधनको आवश्यकता पर्छ । समावेश गर्ने निर्णय गर्नु अघि, संस्थाले आफैलाई निम्नलिखित प्रश्नहरू सोध्नु पर्छ :

क) हामीले पहिले किन गरेनौं?

ख) हामी के हासिल गर्ने आशा गरेका छौं?

ग) यसबाट बालबालिका, किशोरकिशोरी र युवाहरूले के पाउनेछन् ?

घ) हामी यसलाई उपयुक्त स्रोत दिन तयार छौं?

ङ) हामी बालबालिका, किशोरकिशोरी र युवाहरूलाई सुरुदेखि नै समावेश गर्न तयार छौं?

च) हामी बालबालिका, किशोरकिशोरी र युवाहरूप्रति इमानदार छौं?

छ) हाम्रा अपेक्षाहरू के-के हुन्?

ज) हामी हाम्रो केही शक्ति त्याग्न तयार छौं?

झ) हामी केही आलोचना सहन तयार छौं?

ञ) हामी यसलाई दीर्घकालीन प्रतिबद्धताको रूपमा स्वीकार गर्छौं?

प) एक मात्र कार्यक्रममा सीमित नगरी हामी दीर्घकालीन परिवर्तनहरूका लागि काम गर्न तयार छौं ?

## ९.३.३ बालबालिका, किशोरकिशोरी र युवाहरूलाई संलग्न गराउनुपर्ने कारणहरू

बालबालिका र युवाहरूलाई साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रममा संलग्न गराउनुपर्छ किनभने:

क) उनीहरूलाई आफ्नो अवस्थाबारे राम्ररी थाहा छ र परिवर्तनलाई कसरी सम्भव बनाउने भन्ने विचारहरू उनीहरुसँग छन्;

ख) उनीहरूसँग आफ्नो विचार र अनुभव अभिव्यक्त गर्ने र उनीहरूको भविष्यलाई असर गर्ने निर्णयमा भाग लिन पाउने लोकतान्त्रिक अधिकार छ;

ग) उनीहरूको संलग्नताले बालबालिका, किशोरकिशोरी र युवाहरूको विशेष आवश्यकताहरूबारे संगठन र संस्था भित्रको बुझाई सुधार ल्याउँछ, र त्यसले उपयुक्त र सान्दर्भिक प्रतिकार्यहरूको विकासलाई सम्भव बनाउन सक्छ; र

घ) आफ्ना समकक्षीहरूका लागि सकारात्मक रोल-मोडेलको रूपमा उनीहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्छन् ।

## ९.३.४ सहभागिताको प्रकृति

बालबालिका, किशोरकिशोरी र युवाहरुको सहभागिता देहाय अनुसार रहनेछ :

क) सुरक्षित, उमेर र लैङ्गिक रुपमा उपयुक्त;

ख) देखावटी नभई अर्थपूर्ण, र

ग) उनीहरूको आफ्नै सर्तहरूमा र प्रतिबद्धता तथा समयका हकमा आफ्नै सीमाहरु निर्धाण गर्न स्वविवेकको साथ ।

साना हातहतियार र हलुका हतियारहरूसँग किशोर र युवाहरूको अनुभव साना बालबालिकाहरूको भन्दा फरक हुन्छ । जीवन परिस्थितिका आधारमा एउटै उमेरका व्यक्तिहरूसँग पनि फरक बुझाई, अनुभव, सीप, रुचि र क्षमताहरू हुन सक्छन् । सहभागितामा समान पहुँच सुनिश्चित गर्न बालबालिका, किशोरकिशोरी र युवाहरू, त्यसमा पनि विशेष गरी अति सीमान्तकृतहरूको व्यक्तिगत र विशेष आवश्यकताहरूलाई ध्यानमा राखिनेछ ।


© United Nations 2018 – All rights reserved

## ९.३.५ संलग्नताको स्तर र शक्ति बाँडफाँट

### ९.३.५.१ परामर्शजन्य सहभागिता

संलग्नताको यस स्तरमा, वयस्कहरूले जीवन र अनुभवहरूको ज्ञान र बुझाई निर्माण गर्न बालबालिका, किशोरकिशोरी र युवाहरूको धारणा लिने गर्छन् । सल्लाहकारजन्य सहभागिता प्रायः वयस्कहरूद्वारा प्रारम्भ, नेतृत्व वा व्यवस्थापन हुने गर्छ । यसले बालबालिकालाई निर्णय लिने प्रक्रियाहरूमा समान रुपमा सहभागी हुने वा प्रक्रिया हस्तान्तरण हुने कार्य हुनपनि सक्छ वा नहुन पनि सक्छ, तर यसको मूलभूत अवधारणा भनेको बालबालिकाहरूसँग विशेषज्ञता र दृष्टिकोणहरू हुन्छन् जसले वयस्क निर्णय प्रक्रियालाई सुसूचित गर्न आवश्यक छ । अनुसन्धान वा विश्लेषणलाई सुसूचित गर्न वा साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूको योजना, डिजाइन, अनुगमन वा मूल्याङ्कनमा योगदान दिन आफ्ना विचार व्यक्त गर्नका लागि परामर्श बालबालिका, किशोरकिशोरी र युवाहरूका लागि उपयुक्त माध्यम हो ।

### ९.३.५.२ सहकार्यात्मक सहभागिता

संलग्नताको यो स्तरले एकातिर वयस्कहरू र अर्कोतर्फ बालबालिका, किशोरकिशोरीहरू र युवाहरूबीच निर्णय, पहल, परियोजना वा सेवाको कुनै पनि चरणमा सक्रिय संलग्नताको अवसर प्रदान गर्दछ। । सहकार्यात्मक सहभागिता

क) वयस्कद्वारा प्रारम्भ हुने हो, यद्यपि यो बालबालिकाहरुद्वारा पनि प्रारम्भ हुन सक्छ;

ख) बालबालिकाहरुसंग साझेदारी समावेश हुन्छ;

ग) बालबालिकाहरूलाई प्रक्रिया र परिणाम दुवैलाई प्रभाव पार्न वा चुनौती दिन सक्षम बनाउँछ;

घ) समयको अन्तरालमा बालबालिकाहरूलाई थप स्वयं-निर्देशित कार्यको लागि अवसर दिन्छ ।

बालबालिकाको सल्लाहकार बोर्ड जस्ता सहकार्यात्मक संरचनाहरूको स्थापनाले बालबालिका, किशोरकिशोरी र युवाहरूसँग थप व्यवस्थित र नियमित सूचना आदानप्रदान, संवाद र सहकार्यात्मक कार्य योजना निर्माणको माध्यम प्रदान गर्न सक्छ ।

### ९.३.५.३ बालबालिकाको नेतृत्वमा सहभागिता

संलग्नताको यस स्तरमा, बालबालिका, किशोरकिशोरी र युवाहरूलाई गतिविधिहरू सुरु गर्न र आफ्नो लागि वकालत गर्ने ठाउँ र अवसर प्रदान गरिन्छ । सामान्यतया यसको अर्थ देहायअनुसार हो :

क) बालबालिका, किशोरकिशोरी र युवाहरूले आफ्ना चासोका विषयहरू पहिचान गर्छन्;

ख) वयस्कहरूले नेताको सट्टा सहजकर्ता भूमिका निर्वाह गर्छन्; र

ग) बालबालिका, किशोरकिशोरी र युवाहरूले प्रक्रियालाई नियन्त्रण गर्छन् ।

बालबालिकाको नेतृत्वमा हुने सहभागितामा वयस्कहरूको भूमिका भनेको सूचना, सल्लाह र सहयोगको व्यवस्था गरिदिएर बालबालिकाहरूलाई आफ्नै उद्देश्यहरू हासिल गर्न सक्षम बनाउन सहजकर्ताको रूपमा काम गर्नु हो ।

## ९.३.६ बालबालिकाको अर्थपूर्ण र नैतिक सहभागिताका लागि आधारभूत आवश्यकताहरू

साना हातहतियार र हलुका हतियार नियन्त्रण गर्ने कार्यक्रममा बालबालिका, किशोरकिशोरी र युवाहरूको सहभागिता निम्नानुसार हुनेछः

क) <u>सुरक्षित</u> - बालबालिकाहरूलाई हानिको बाटोमा राखिने छैन । बालबालिकाले सहभागी हुँदा सुरक्षित महसुस गर्नुपर्छ र सहभागी हुँदा असुरक्षित महसुस गरेमा मद्दतको लागि कहाँ जाने भन्ने कुरा थाहा हुनुपर्छ । बालबालिकाहरुलाई सुरक्षित राख्नका लागि बालबालिकाका लागि रहेका जोखिमहरू, र त्यस्ता जोखिमहरूलाई न्यूनीकरण गर्ने तरिकाहरू पहिचान गरिनेछ ।

© United Nations 2018 – All rights reserved

ख) पारदर्शी र सूचनामूलक - बालबालिकाहरूलाई कार्यक्रमका बारेमा पर्याप्त जानकारी हुनुपर्दछ जसले गर्दा उनीहरूले भाग लिने वा नलिने र कसरी भाग लिने भन्ने बारे सुसूचित निर्णय गर्नसक्छन्; र जानकारी बालबालिकासँग बालमैत्री ढाँचामा र उनीहरूले बुझ्ने भाषाहरूमा उपलब्ध गराइनेछ ।

ग) स्वैच्छिक - बालबालिकाहरूलाई भाग लिन चाहन्छन् वा चाहन्दैनन् भन्ने निर्णय गर्न पर्याप्त जानकारी र समय दिइनेछ, र उनीहरूले चाहेको बेलामा सहभागी हुन छोड्ने अनुमति दिइनेछ ।

घ) सम्मानजनक - बालबालिकाको आफ्नै समयका प्रतिबद्धताहरू (जस्तै : पढाई, काम, खेल, आदि) लाई ध्यानमा राखिनेछ र त्यसको सम्मान गरिनेछ । बालबालिकासँग काम गर्ने तरिकाले स्थानीय सांस्कृतिक अभ्यासहरूलाई सम्मान गर्नेछ । बालबालिकाको सहभागिताको सम्मान सुनिश्चित गर्न बालबालिकाको जीवनका प्रमुख वयस्कहरू (जस्तै आमाबाबु, हेरचाहकर्ता, शिक्षक, आदि) को समर्थन प्राप्त गरिनेछ ।

ङ) सान्दर्भिक - छलफल र सम्बोधन गरिएका मुद्दाहरू बालबालिकाको जीवनका लागि वास्तविक रुपमा सान्दर्भिक हुनेछन् । बालबालिकाहरूले उनीहरूका लागि सान्दर्भिक नभएका गतिविधिहरूमा भाग लिन वयस्कहरूबाट कुनै दबाब महसुस गर्नु हुँदैन ।

च) बालमैत्री - विभिन्न उमेर र क्षमताका केटी र केटाहरू बीच आत्मविश्वास निर्माण गर्ने बाल-मैत्री दृष्टिकोण र विधिहरू प्रयोग गरिनेछ, जसमा अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त बाल-मैत्री बैठक स्थल समावेश हुनेछ ।

छ) समावेशी - साना बालबालिका, अपाङ्गता भएका बालबालिका र विभिन्न जातीय समूहका बालबालिकालगायत विभिन्न उमेर, क्षमता र पृष्ठभूमिका केटी र केटाहरूलाई समावेशी र गैर-भेदभावपूर्ण रूपमा सहभागी हुने अवसर दिइनेछ । बालबालिकालाई आफ्नो सहभागिता मार्फत भेदभावलाई सम्बोधन गर्न प्रोत्साहित गरिनुपर्छ ।

ज) जवाफदेही - बालबालिकाहरूलाई अनुगमन र मूल्याङ्कन प्रक्रियाहरूमा सहभागी हुन सहयोग गरिनेछ । वयस्कहरूले बालबालिकाको विचार र सुझावलाई गम्भीरताका साथ लिने र त्यसैअनुसार व्यवहार गर्नेछन् । बालबालिकाहरूले गरेका कुनै पनि सहयोग आवश्यकता र फलोअपको अनुरोधलाई सम्बोधन गरिनेछ ।

झ) वयस्कहरूका लागि प्रशिक्षणद्वारा समर्थित - बालबालिकाको सहभागितालाई सहज बनाउने वयस्कहरूको दृष्टिकोण बालमैत्री रहेको, उनीहरूमा बालबालिकाको सहभागितालाई सहजीकरण गर्ने आत्मविश्वास रहेको र उनीहरू समुदायमा बालबालिकाको सहभागितालाई प्रभावकारी रूपमा समर्थन गर्न सक्षम छन् भनी सुनिश्चित गर्नको लागि उपयुक्त रूपमा प्रशिक्षित गरिनेछ ।

### ९.३.७ निर्णय प्रक्रियामा सहभागिता

साना हातहतियार र हलुका हतियार नियन्त्रणसम्बन्धी बालबालिका, किशोरकिशोरी र युवाहरूको सरोकारलाई सान्दर्भिक नीति निर्माण र कार्यक्रम प्रक्रियामा समावेश गरिनेछ । उनीहरूसँग आफ्नो सुरक्षा र संरक्षणलाई असर गर्ने मुद्दाहरूको निर्णय प्रक्रियाहरूमा योगदान गर्ने सम्भावना हुनेछ, जसमा निम्नलिखितको विकासमा समेत पर्नेछ :

क) राष्ट्रिय कार्य योजनाहरू (हेर्नुहोस् मोजेइक ०४.१०, राष्ट्रिय कार्य योजनाको डिजाइन र कार्यान्वयन ); र

ख) सामुदायिक सुरक्षा योजनाहरू (हेर्नुहोस् मोजेइक ०४.३०, सामुदायिक सुरक्षा कार्यक्रमको डिजाइन र कार्यान्वयन);

साना हातहतियार र हलुका हतियार नियन्त्रणसम्बन्धी निर्णय प्रक्रियाहरू (क्षेत्रीय र अन्तर्राष्ट्रिय बैठकहरू सहित)मा उनीहरूको औपचारिक सहभागिता सुनिश्चित गर्नका लागि सरकारी र गैर-सरकारी संस्थाहरूले आफ्ना आधिकारिक प्रतिनिधिमण्डलहरूमा बालबालिका, किशोरकिशोरी र युवाहरूलाई समावेश गर्न सक्छन् ।


© United Nations 2018 – All rights reserved

### ९.३.८ सहभागितामा विविधता

साना हातहतियार र हलुका हतियारको दुरुपयोगबाट पीडित/प्रभावित वा त्यसबाट हानि हुने जोखिममा रहेका बालबालिका, किशोरकिशोरी र युवाहरू मुख्य सरोकारवाला हुन् भने त्यस्तो प्रत्यक्ष अनुभव नगर्नेहरू पनि सरोकारवाला हुन् । पछिल्लो समूहलाई सशस्त्र हिंसाबाट प्रभावित दौंतरीहरूबारे थाहा हुन सक्छ र उनीहरूले आफ्ना साथी समूहका आवश्यकताहरू र त्यसलाई कसरी सम्बोधन गर्ने भनेर बुझ्न सक्ने सम्भावना हुन्छ । साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रक्रियाहरूमा बालबालिका, किशोरी र युवाहरूको सहभागितामा अपाङ्गता भएका बालबालिका र साना हातहतियार सम्बन्धी हिंसाबाट पीडित/प्रभावित जस्ता भिन्न रूपमा सक्षम व्यक्तिहरूलाई पनि समावेश गर्नुपर्छ ।

### ९.३.९ सञ्चार माध्यम र अन्य निर्णयकर्ताहरूसँग संलग्नता

बालबालिका, किशोरकिशोरी र युवाहरू साना हातहतियार र हलुका हतियार नियन्त्रण सम्बन्धी निर्णय प्रक्रियामा सहभागी हुँदा उनीहरूले राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र वयस्क निर्णयकर्ताहरूसँग (प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा) अन्तर्क्रिया गर्ने सम्भावना हुन्छ ।

साना हातहतियार र हलुका हतियार नियन्त्रण मुद्दाहरूमा बालबालिका, किशोरकिशोरी र युवाहरूले आफ्ना मुख्य सन्देशहरू र प्रस्तावित कार्य-बुँदाहरू प्रस्तुत गर्न सकेको सुनिश्चित गर्न बालबालिका, किशोरकिशोरी र युवाहरू र वयस्क नीति निर्माताहरू र निर्णयकर्ताहरू बीच संवाद बैठकहरू आयोजना गर्न सकिन्छ ।

सञ्चारमाध्यम वा वयस्क निर्णयकर्ताहरूसँग अन्तरक्रिया आवश्यक पर्ने बैठकहरूमा बालबालिकाको सहभागिता अघि व्यक्तिगत रुपमा सम्बन्धित बालबालिका र उनीहरूका अभिभावक वा संरक्षक दुवैको पूर्ण र सुसूचित सहमति लिइनेछ ।

त्यस्ता संलग्नतामा सहभागी हुने बालबालिका, किशोरकिशोरी र युवाहरूको सर्वोत्तम हित र सुरक्षालाई प्राथमिक रुपमा ध्यान दिइनेछ । बालबालिकासँग सञ्चारमाध्यमको अन्तरक्रियालाई सुरक्षित रूपमा र सहभागी हुने बालबालिकाको सर्वोत्तम हित र आवश्यकता अनुसार सञ्चालन गरिनेछ । साना बालबालिकाहरूका तर्फबाट प्रवक्ताको रूपमा काम गर्न वयस्क वा युवा व्यक्तिको आवश्यकता हुन सक्छ ।

## ९.४ उमेर अनुसार विखण्डित तथ्याङ्क

साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरु उमेर र लिङ्गका आधारमा विखण्डित तथ्याङ्कको व्यापक विश्लेषणमा आधारित हुनुपर्छ । यस्तो तथ्याङ्कको अभाव रहेको अवस्थामा उमेर र लिङ्गका आधारमा विश्लेषणहरू सम्भव बनाउन तथ्याङ्क सङ्कलन र विश्लेषण कार्यमा सुधार ल्याउने प्रयास गरिनुपर्छ ।

साना हातहतियार र हलुका हतियार सर्वेक्षणहरू र चोटपटक निगरानी संयन्त्रहरूबाट उमेरका आधारमा विखण्डित तथ्याङ्कले बालबालिका, किशोरकिशोरी वा युवाहरूमाथि लक्षित सबै साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूको सन्दर्भ ढाँचाको रूपमा काम गर्नुपर्छ । त्यस्ता तथ्याङ्कहरूलाई बेसलाईन, लक्ष्य र कार्यसम्पादन सूचकहरूको स्थापना गर्न प्रयोग गरिनुपर्छ।

बालबालिका, किशोरकिशोरी र युवाहरूसँग सम्बन्धित तथ्याङ्क र विश्लेषणले साना हातहतियार र हलुका हतियार नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्य योजनाको विकासका साथै स्थानीय सामुदायिक सुरक्षा योजनाहरूको विकासलाई सुसूचित गर्नुपर्छ र त्यो मोजेइक ०४.१०, *राष्ट्रिय कार्य योजनाको डिजाइन र कार्यान्वयन* र मोजेइक ०४.२०, *सामुदायिक सुरक्षा कार्यक्रमको डिजाइन र कार्यान्वयन* अनुसार हुनुपर्छ । त्यस्ता तथ्याङ्क र विश्लेषणहरू अन्य सान्दर्भिक प्रक्रियाहरू जस्तैः विधायिकी सुधार, सुरक्षा क्षेत्र सुधार, बारुदी सुरुङसम्बन्धी काम, र निःशस्त्रीकरण, विघठन र पुनःएकीकरणको सन्दर्भमा बाल पुनः एकीकरण, आदि लाई सुसूचित गर्न पनि प्रयोग गर्न सकिन्छ ।

© United Nations 2018 – All rights reserved

### ९.४.१ साना हातहतियार र हलुका हतियार सर्वेक्षण

साना हातहतियार र हलुका हतियार सर्वेक्षणहरू मोजेइक ०५.१०, *साना हातहतियार र हलुका हतियार सर्वेक्षणहरूको सञ्चालन,* बमोजिम उमेर- र लिङ्ग अनुसार विखण्डित तथ्याङ्क सङ्कलन सुनिश्चित गर्न गरिनेछन् । विशेषगरी बालबालिका, किशोरकिशोरी र युवाहरूको सम्बन्धमा साना हातहतियार र हलुका हतियार सर्वेक्षणले देहाय कार्यहरु गर्नुपर्छ :

क) बालबालिका, किशोरकिशोरी र युवाहरूबीच साना हातहतियार र हलुका हतियारको मागको अवस्थामा प्रकाश पार्ने, जसमा पुरुष र महिला बालबालिका, किशोरकिशोरी र युवाहरूको मागलाई प्रेरित गर्ने ऐतिहासिक, आर्थिक र सांस्कृतिक कारकहरू समावेश छन् ;

ख) सशस्त्र हिंसाका प्रवृत्ति र केन्द्रविन्दुहरूका साथै बालबालिका, किशोरकिशोरी र युवाहरूको सम्बन्धमा जोखिम कारकहरू र सुरक्षात्मक कारकहरूको नक्सांकन गर्ने ;

ग) विद्यमान र उदीयमान सकारात्मक जुझ्न सक्ने संयन्त्रहरू र सामाजिक र सांस्कृतिक मान्यताहरू, रचनात्मक साथी समूहहरू र अन्य सकारात्मक आदर्श व्यक्तिहरू सहित बालबालिका, किशोर र युवाहरूका लागि सान्दर्भिक परिवर्तनका लागि सम्भावित प्रेरकहरूको पहिचान गर्ने; र

घ) कार्यक्रम निर्माणका लागि बालबालिका, किशोरकिशोरी र युवा अुसारका प्रवेश बिन्दुहरूको पहिचान गर्ने ।

नोटः थप मार्गदर्शनको लागि मोजेइक ०५.१०, *साना हातहतियार र हलुका हतियार सर्वेक्षणहरूको सञ्चालन* हेर्नुहोस् ।

### ९.४.२ सशस्त्र हिंसा अनुगमन प्रणाली

सशस्त्र हिंसा, अपराध र/वा चोटपटकको अनुगमन गर्ने राष्ट्रिय संयन्त्रहरू जस्तैः द्वन्द्वको पूर्वचेतावनी प्रणाली, अपराध वा हिंसा पर्यवेक्षकहरू र जनस्वास्थ्य चोटपटक सर्वेक्षण प्रणालीहरूले बालबालिका, किशोरकिशोरी र युवाहरूमा साना हातहतियार र हलुका हतियारको दुरुपयोगको प्रभावको परिमाण, प्रकृति र गतिशीलताको बारेमा महत्वपूर्ण प्रमाणहरू प्रदान गर्न सक्छ । र त्यसमा एक पटक मात्र गरिने सर्वेक्षणहरूले ल्याउन नसक्ने समयसँग भएका परिवर्तन र अस्थायी प्रवृत्तिहरु पनि समावेश छन् । यसको व्यवस्था भएको ठाउँमा सशस्त्र हिंसा अनुगमन प्रणालीहरूले लिङ्ग र उमेर अनुसारको देहायविषयमा विखण्डित तथ्याङ्क उपलब्ध गराउनुपर्छ :

क) साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूको प्राथमिकतामा पर्नुपर्ने बालबालिका, किशोरकिशोरी र युवाहरूका लागि सबैभन्दा खतरनाक क्षेत्रहरू पहिचान गर्नका लागि सशस्त्र हिंसाका घटनाहरू हुने स्थानहरू ;

ख) जनचेतना अभिवृद्धि र जोखिम शिक्षा गतिविधिहरूबाट सबैभन्दा बढी फाइदा लिन सक्ने सबैभन्दा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका, किशोरकिशोरी र युवाहरूलाई पहिचान गर्न पीडितहरूको प्रोफाइलहरू;

ग) साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूको डिजाइनमा मद्दत गर्न, साथै बाह्य पहुँचका लागि लक्षित गर्न अपराधीहरूको प्रोफाइल ।

नोटः केही सन्दर्भहरूमा, सुरक्षा जोखिम र संवेदनशीलताका कारण पीडकहरूको प्रोफाइल अभिलेखीकरण गर्नु हुँदैन। त्यस्ता तथ्याङ्क त्यसो गर्न सुरक्षित भएको अवस्थामा मात्र सङ्कलन गरिनेछ।

घ) उपयुक्त जोखिम शिक्षा सन्देश प्रवाहको डिजाइनका लागि बालबालिका, किशोरकिशोरी र युवाहरूका मुख्य जोखिम लिने व्यवहारहरूको पहिचान गर्न; सशस्त्र हिंसाका घटनाहरूको परिस्थिति,

ङ) जोखिम शिक्षा सन्देश प्रवाह र उपयुक्त साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरूको डिजाइनलाई सुसूचित गर्न प्रयोग भएका साना हातहतियार र हलुका हतियारका प्रकारहरू ;


© United Nations 2018 – All rights reserved

छ) पीडित र प्रभावित सहयोग कार्यक्रमहरूको डिजाइनलाई सुसूचित गर्न र बालबालिका, किशोरकिशोरी र युवाहरूमा साना हातहतियार र हलुका हतियार नियन्त्रण गतिविधिहरूको प्रभावको अनुगमनलाई सहजीकरण गर्न मृत्यु र चोटपटकको संख्या (र चोटपटकको प्रकार) ; र

ज) घटनाहरूको अस्थायी गतिशीलताको विश्लेषणलाई सुसूचित गर्न र बालबालिका, किशोरकिशोरी र युवाहरूमाथि लक्षित जोखिम न्यूनीकरण कार्यक्रमहरूको डिजाइनमा मद्दत गर्न सशस्त्र हिंसाका घटनाहरू हुने समय ।

## ९.५ सम्बन्धित कार्यक्रमहरूसँग जोड्ने

### ९.५.१ साधारण

सम्बन्धित कार्यक्रमहरु, जस्तैः निःशस्त्रीकरण, विघठन र पुनःएकीकरण, युवा रोजगारी, पीडित सहायता र बाल न्यायको क्षेत्रका कार्यक्रमहरु बालबालिका, किशोरकिशोरी र युवाहरूलाई सशस्त्र हिंसाको शिकार वा अपराधी बन्नबाट जोगाउने कार्यक्रमहरूसँग सान्दर्भिक हुन सक्छन् । सम्भव भएको अवस्थामा त्यस्ता सम्बन्धित कार्यक्रमहरूसँग उपयुक्त रुपमा जोड्ने काम गर्नुपर्छ ।

### ९.५.२ सशस्त्र बल र समूहहरूसँग आवद्ध बालबालिकाहरूको पुनः एकीकरण

सशस्त्र फौज र समूहहरुसँग आवद्ध बालबालिका, किशोरीकिशोरी र युवाहरुको निःशस्त्रीकरण, विघठन र पुनःएकीकरण (डिडिआर)मा साना हातहतियार र हलुका हतियार नियन्त्रणसँग सम्बन्धित पक्षहरू समावेश छन् । बढ्दो रूपमा, शान्ति सम्झौता वा डिडिआरका औपचारिक कार्यक्रमहरूको विना नै यस्ता बालबालिकाहरूको पुनः एकीकरण भइरहेको छ । त्यसैकारण डिडिआर कार्यक्रमहरू नभएको अवस्थामा पनि बालबालिका पुनः एकीकरण कार्यक्रमहरू हुन सक्छन् जससँग जोड्ने काम गर्न सकिन्छ । सशस्त्र बल र समूहहरूसँग आवद्ध बालबालिकाहरूलाई समुदायमा पुनः एकीकरण गर्ने प्रयासहरूलाई समर्थन गर्न विद्यालयहरूसँग पनि सम्पर्कहरू स्थापित गरिनुपर्छ ।

नोटः यस विषयमा थप मार्गदर्शनका लागि, आईडिडिआरएस ०५.२० (युवा र डिडिआर) र आईडिडिआरएस ०५.३० (बालबालिका र डिडिआर) हेर्नुहोस् ।

### ९.५.३ विद्यालयहरू

विद्यालयहरूमा साना हातहतियारहरूको उपस्थितिले बालबालिका, किशोरकिशोरी र युवाहरूको शिक्षा र सुरक्षालाई खतरामा पारेको सन्दर्भमा र दिगो विकास लक्ष्यहरूको लक्ष्य ४.क को “सबैका लागि सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइको वातावरण प्रदान गर्ने” लाई सहयोग गर्न

क) समस्यालाई सम्बोधन गर्नका लागि कानून, नियम र प्रशासनिक प्रक्रियाहरू तर्जुमा गरी लागू गरिनेछ, र त्यसमा विद्यालयहरूलाई बन्दुकमुक्त क्षेत्रको रूपमा घषणा गर्नुका साथै विद्यालयमा साना हातहतियार ल्याउनेहरूलाई लक्षित गरी निवारणात्मक, अनुशासनात्मक र पुनर्स्थापनाका कार्यहरु समावेश छन् ;

ख) बालबालिका, किशोरकिशोरी र युवाहरूमा प्रारम्भिक पूर्वचेतावनी संकेतहरू पहिचान गर्न संयन्त्रहरू स्थापना गरिनेछ, जसले विद्यालयमा साना हातहतियार ल्याउने जोखिमलाई संकेत गर्न सक्छ;

ग) बालबालिकालाई विद्यालयमा साना हातहतियार ल्याउनु पर्ने विभिन्न प्रोत्साहनहरू (खण्ड ६.३.४.३ हेर्नुहोस्), विद्यालयहरूमा साना हातहतियार सम्बन्धी घटनाहरूका पीडकहरू र पीडितहरूको प्रोफाइल, र साना हातहतियारहरूमा विद्यार्थीहरूको पहुँचलाई ध्यानमा राख्दै विद्यालयहरूमा साना हातहतियारहरूको उपस्थितिको सन्दर्भलाई अझ राम्रोसँग बुझ्नको लागि सूचना प्रणाली (जस्तै घटनाहरूको दर्ता, विद्यार्थी सर्वेक्षण, आदि) स्थापना गरिनेछ ।; र

© United Nations 2018 – All rights reserved

घ) विद्यालय समुदायहरू (विद्यालय कर्मचारी, अभिभावक र विद्यार्थीहरू) बीच सञ्चार र सचेतना अभिवृद्धि अभियानहरू सञ्चालन गरिनेछन् र साना हातहतियारसम्बन्धी विषयहरूलाई विद्यालय हिंसा रोकथाम कार्यक्रमहरूमा समावेश गरिनेछ ।

माथिका उपायहरू कार्यान्वयन गर्दा विद्यालयका अधिकारीहरूले बालबालिका, किशोरकिशोरी र युवाहरूको मानवअधिकारको सम्मान गर्न र उनीहरूलाई कलंकित वा अपराधीकरणबाट हुनबाट बचाउन विशेष ध्यान दिनेछन् ।

### ९.५.४ युवा रोजगारी

युवा रोजगारी, प्रशिक्षण र व्यावसायिक तालिम साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यमा सान्दर्भिक हुन सक्छ, विशेषगरी उमेरदार किशोरकिशोरी र युवाहरूमा ध्यान केन्द्रित भएमा यो हुनसक्छ । किशोरकिशोरी र युवा रोजगारी र आर्थिक एकीकरणले किशोरकिशोरी र युवाहरूलाई सशस्त्र समूह वा संगठित आपराधिक समूहहरूमा संलग्न हुन वा संलग्नतालाई निरन्तरता दिनबाट रोक्न महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

बालबालिका, किशोरकिशोरी, युवा र वयस्कहरूलाई समेट्ने फराकिलो उमेर समुहमा लक्षित जीविकोपार्जन कार्यक्रमको एउटा अंशका रूपमा कार्यान्वयन गर्दा बालबालिकाहरूले सहभागी हुनसक्ने रोजगारीका अवसरहरू र गतिविधिहरू उमेर अनुसार उपयुक्त छन् र बालबालिकाको श्रम शोषणमा योगदान नदिने कुरा सुनिश्चित गर्न ध्यान दिइनेछ ।

त्यस्ता कार्यक्रमहरू संयुक्त राष्ट्रसंघको द्वन्द्वपछिको रोजगारी सिर्जना, आय सृजन र पुनर्एकीकरणको नीति अनुसार कार्यान्वयन गरिनेछन्।

### ९.५.५ पीडित सहायता

हिंसाको दूषित प्रभाव हुने गर्छ । यसले पीडित र पीडकलाई मात्र नभई दुवैका परिवार, साथीभाइ र सहकर्मीहरूका साथै हिंसात्मक कार्यका साक्षीहरू र बृहत समुदायलाई पनि असर गर्छ । साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रमहरू साना हातहतियार वा हलुका हतियारहरूको प्रयोगद्वारा गरिएको हिंसाका युवा पीडितहरूलाई सहयोग गर्नेकार्यमा केन्द्रित कार्यक्रमहरूका लागि विशेष सान्दर्भिक र सहयोगी हुन सक्छन् ।

### ९.५.६ बाल न्याय

विशेषगरी उच्च स्तरको असुरक्षा र सशस्त्र हिंसाको अनुभव गर्ने धेरै देशहरूमा बालबालिका र किशोरकिशोरीहरूले गर्ने आपराधिक कार्यहरूलाई प्रायः वयस्क न्याय प्रणालीमार्फत सम्बोधन गरिन्छ, र त्यसमा बाल न्यायका लागि अपर्याप्त कानुनी र संस्थागत ढाँचाहरू र प्रणालीहरू हुनेगर्छ ।

बालबालिका र नाबालिग अपराधीलाई उनीहरूले गरेको कार्यको लागि जवाफदेही बनाइनुपर्छ नै तर जवाफदेहिताका उपायहरूले दण्डात्मक कार्यहरूमा नभई पुनर्स्थापना र सामाजिक पुनः एकीकरणमा केन्द्रित हुनुपर्छ ।

पुनर्स्थापना प्रवर्द्धन् गर्ने उमेर-उपयुक्त न्याय समाधानहरूमा पहुँचको अभावले हिंसाको चक्रलाई निरन्तरता दिन सक्छ, र बाल अधिकार महासन्धिमा उल्लेखित बालबालिकाको विशेष संरक्षणको अधिकारलाई उल्लङ्घन गर्दछ ।

साना हातहतियार र हलुका हतियार नियन्त्रण कार्यक्रम र बाल संरक्षण प्रणालीहरूलाई सुदृढ गर्ने प्रयासहरू बीचको स्पष्ट सम्बन्धहरू छन्, किनभने दुवै हिंसालाई रोक्न र सम्बोधन गर्ने कानुन, नीति र संस्थागत संयन्त्रलाई बलियो बनाउनमा केन्द्रित छन् । यसमा साना हातहतियार र हलुका हतियारहरूसहित अपराधका पीडित, साक्षी र बाल पीडकहरूलाई जोगाउने उद्देश्यले कानून, नियम र प्रशासनिक प्रक्रियाहरूलाई बलियो बनाउने कार्य समावेश छ ।


© United Nations 2018 – All rights reserved

### ९.५.७ जनचेतना अभिवृद्धि

साना हातहतियार र हलुका हतियारको अवैध व्यापार, व्यापक उपलब्धता र दुरुपयोगसंग सम्बन्धित जोखिमहरुका बारेमा जागरूकता जगाउने कार्य मोजेइक ०४.३०, जनचेतना अभिवृद्धि अनुसार गरिनेछ ।

सफल साना हातहतियार र हलुका हतियार नियन्त्रण प्रयासहरूको एउटा महत्वपूर्ण कारक बालबालिका, किशोरकिशोरी र युवाहरू, महिला र पुरुष दुवैलाई साना हातहतियार र हलुका हतियारहरूको अवैध व्यापार, व्यापक उपलब्धता र दुरुपयोगसँग सम्बन्धित जोखिमहरूबारे पूर्ण रूपमा सचेत गराउनु हो ।

जनचेतना जगाउने कार्यक्रमहरू र विशेषगरी, साना हातहतियार र हलुका हतियारहरूका सम्बन्धमा जोखिम शिक्षाको केन्द्रबिन्दु बालबालिका, किशोरकिशोरी र युवाहरू हुन सक्छन् । साथै, बालबालिका, किशोरकिशोरी र युवाहरूलाई पनि सार्थक तरिकाले सचेतना अभिवृद्धि अभियानहरूको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा समावेश गर्नुपर्छ, जसमा मुख्य सन्देशहरूको विकास र परीक्षण, प्रयोग गरिने सञ्चारमाध्यमको छनोटमा, र पहिचान गरिएका लक्षित समूहहरूलाई मुख्य सन्देशहरू प्रवाहसमेत पर्छन् ।

साना हातहतियार र हलुका हतियारको दुरुपयोगका कारण प्रायः जोखिममा रहेका र सबैभन्दा बढी जानकार रहेका सीमान्तकृत समूहहरूसम्म पुग्न सचेतना अभियानहरूले विशेष प्रयास गर्नुपर्छ, त्यसमा यस्ता समूहको सुरक्षा, संरक्षण र गोपनीयताको अधिकारमा कुनै सम्झौता गरिनु हुँदैन । त्यस्ता सीमान्तकृत समूहहरूमा सडक बालबालिका, विद्यालय बाहिर रहेका बालबालिका, संगठित आपराधिक समूह (जस्तै आपराधिक गिरोह) मा आवद्ध बालबालिका, कानूनसँग द्वन्द्वमा परेका बालबालिका, सशस्त्र हिंसाका पीडित/प्रभावित बालबालिका र विस्थापित बालबालिका पर्छन् ।

साना हातहतियार र हलुका हतियारको प्रसार र दुरुपयोगका कारण व्यापक र पुरानो समस्याहरूको सामना गर्ने क्षेत्रहरूमा जोखिम शिक्षालाई विद्यालय पाठ्यक्रममा समावेश गर्नुपर्छ । विद्यालय भर्नाको स्तर न्यून रहेको अवस्थामा विद्यालय नजाने बालबालिका, किशोरकिशोरी र युवाहरूलाई जोखिमपूर्ण शिक्षा प्रदान गर्न विशेष प्रयास गरिनुपर्छ ।

गिरोह हिंसा चिन्ताको विषय भएको अवस्थामा जोखिम शिक्षा कार्यक्रमहरूले बालबालिका, किशोरकिशोरी र युवाहरूलाई गिरोहको संलग्नताबाट कसरी टाढा राख्ने भन्ने प्रश्नलाई सम्बोधन गर्नुपर्छ । यसले विद्यालयहरूमा निवारणात्मक कार्यहरू समावेश हुनसक्छ, उदाहरणका लागि, द्वन्द्व समाधानको पढाई; भूतपूर्व गिरोह सदस्यहरूबाट गिरोह विरोधी सन्देश प्रवाह गर्ने र साक्षीहरुको सुरक्षाका लागि उपलब्ध विधिहरूबारे चेतना जगाउने ।

बालबालिका, किशोरकिशोरी र युवाहरु माझ गरिने जोखिम शिक्षा र चेतना अभिवृद्धि कार्यलाई देहाय विषयहरुमा एकिकृत गरिनुपर्दछ र समर्थन गर्नुपर्दछ :

क) कानून कार्यान्वयन गर्ने अधिकारीहरूसँग (जस्तै समुदायिक प्रहरीको सन्दर्भमा) विश्वास निर्माण गर्न र रचनात्मक अन्तरक्रियालाई बढावा दिने पहलहरू; र

ख) शान्ति र/वा निःशस्त्रीकरण शिक्षा कार्यक्रमहरू ।

त्यस्ता पहल र कार्यक्रमहरू नभएको ठाउँमा साना हातहतियार र हलुका हतियारहरूको स्वामित्व, प्रसार र दुरुपयोगबारे जोखिम शिक्षा र सचेतना अभिवृद्धिलाई त्यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने प्रारम्भिक चरणको रूपमा प्रयोग गर्न सकिन्छ ।

© United Nations 2018 – All rights reserved

## ९.६ शान्ति र निःशस्त्रीकरण शिक्षा

### ९.६.१ साधारण

शान्ति र निःशस्त्रीकरण शिक्षा व्यवहार परिवर्तनहरू ल्याउन आवश्यक ज्ञान, सीप, मनोवृत्ति र मूल्यहरू प्रवर्द्धन गर्ने प्रक्रिया हो, जसले बालबालिका, किशोरकिशोरी, युवा र वयस्कहरूलाई स्पष्ट र संरचनात्मक दुवै प्रकारका द्वन्द्व र हिंसा रोक्न; शान्तिपूर्ण रूपमा विवाद समाधान गर्न; र अन्तरव्यक्तिगत, व्यक्तिहरुबीच, अन्तरसमूह, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा शान्तिका लागि अनुकूल परिस्थितिहरू सिर्जना गर्न सक्षम बनाउँछ ।

### ९.६.२ उद्देश्यहरू

शान्ति र निःशस्त्रीकरण शिक्षाको समग्र उद्देश्य भनेको मानिसहरूलाई आफ्नो समुदाय, देश र विश्व भित्र ठोस शान्ति र निःशस्त्रीकरण लक्ष्यहरू प्राप्त गर्न योगदान दिन सशक्त बनाउने ज्ञान र सीपहरू प्रदान गर्नु हो । निर्दिष्ट उद्देश्यहरूमा मानिसहरूलाई देहायका लागि सशक्त बनाउनु रहेको छ :

क) मुद्दाहरूको बारेमा के सोच्ने भन्दा कसरी सोच्ने भन्ने सिक्ने ;

ख) सचेत नागरिकका रुपमा आलोचनात्मक सोच कौशल विकास गर्ने;

ग) स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी स्तरमा शान्तिलाई बढावा दिने वा कमजोर पार्ने बहुकारकहरूको बुझाई गहिरो बनाउने ;

घ) शान्ति प्रवर्द्धन् गर्ने मनोवृत्ति र कार्यहरूलाई प्रोत्साहन गर्ने;

ङ) वर्तमान र भविष्यका सुरक्षा चुनौतीहरूको लागि सान्दर्भिक जानकारी प्रदान गर्न र उत्तरदायी मनोवृत्ति बढाउने; र

च) निःशस्त्रीकरण, अप्रसार र शान्तिपूर्ण तथा अहिंसात्मक विश्वका लागि ठोस अन्तर्राष्ट्रिय प्रयासहरू प्रवर्द्धन गर्न विचार, अवधारणा, व्यक्ति, समूह र संस्थाहरूलाई एकसाथ ल्याएर राजनीतिक, क्षेत्रीय र प्राविधिक दुरी हटाउने ।

बालबालिका, किशोरकिशोरी र युवाहरूलाई लक्षित गर्ने शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रमहरूको उद्देश्य विश्वासको वातावरण सिर्जना गर्ने, मानव जीवनप्रति सम्मान निर्माण गर्ने र अहिंसात्मक द्वन्द्व समाधानका लागि क्षमता, अर्थपूर्ण सहभागिता र लोकतान्त्रिक सोचलाई बलियो बनाउने हुनुपर्छ ।

### ९.६.३ प्रभावकारी कार्यक्रमका तत्वहरू

प्रभावकारी शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रमहरूका अन्तर्वस्तुमा देहाय समावेश छन् :

क) कार्यक्रम डिजाइन गर्नु अघि स्थिति विश्लेषण गर्ने, र कुनै कार्य सुरु गर्नु अघि अनुगमन र मूल्याङ्कनका लागि योजना बनाउने;

ख) कर्मचारी/शिक्षकहरूलाई तालिम दिन पर्याप्त समय दिने, जसले गर्दा उनीहरू दुवैले शान्ति र निःशस्त्रीकरण शिक्षाको अवधारणा र सीपहरूलाई आत्मसाथ गर्न सक्छन् र ती अवधारणा र सीपहरू अरूलाई बुझाउन पर्याप्त रूपमा तयार हुन सक्छन् ;

ग) विद्यार्थीको सक्रिय सहभागिता र अभ्यासका लागि अनुमति दिने सहकार्यात्मक र अन्तरक्रियात्मक विधिहरू प्रयोग गर्ने;

घ) वास्तविक जीवनका घटनाहरूको प्रयोग मार्फत साझा समस्या समाधान गर्ने सीपहरू सिकाउने;

ङ) विद्यालयमा सिकेका द्वन्द्व समाधान कौशलहरूकलाई गैर-विद्यालय सन्दर्भहरूमा लागु गराउने कार्यमा लगातार जोड, उदाहरणका लागि, विद्यालयमा सिकाइएका सीपहरूमा नै अभिभावक र सामुदायिक समूहहरूलाई शिक्षित गर्ने ;


© United Nations 2018 – All rights reserved

च) कार्यक्रम डिजाइन र कार्यान्वयनमा लैङ्गिक र सांस्कृतिक संवेदनशीलताका साथै उमेर समूहका लागि उपयुक्तता सुनिश्चित गर्ने ;

छ) कार्यक्रममा समुदाय र/वा बृहत समाजमा द्वन्द्वको विश्लेषणका साथै अन्तरव्यक्तिगत द्वन्द्वको विश्लेषणलाई समावेश गर्ने ;

ज) युवाहरूलाई उनीहरूको विद्यालय र समुदायमा रचनात्मक, शान्ति-निर्माण गतिविधिहरूमा संलग्न हुने अवसर प्रदान गर्ने; र

झ) सुरुदेखि नै कार्यक्रमका लागि व्यापक सामुदायिक समर्थन जुटाउने, उदाहरणका लागि, राजनीतिज्ञ, शिक्षाविद्, सामुदायिक नेता, जनस्वास्थ्य पेशाकर्मी, धार्मिक समूह र व्यवासाय नेताहरूबीच ।

### ९.६.४ शान्ति शिक्षा एकीकरण

शान्ति र निःशस्त्रीकरण शिक्षालाई विद्यमान विद्यालय पाठ्यक्रममा एकीकृत गर्न सकिन्छ वा छुट्टै पाठ वा अतिरिक्त-क्रियाकलापका रुपमा विकास गर्न सकिन्छ।

"शान्तिका लागि शिक्षाः पाठ्यक्रम सुधारको लागि योजना" मा युनेस्कोद्वारा प्रदान गरिएको मार्गनिर्देशनलाई शिक्षा क्षेत्र योजना र नीतिहरूमा शान्तिका लागि शिक्षालाई एकीकृत गर्दा पालना गरिनेछ ।

शान्ति शिक्षालाई विद्यमान विद्यालय पाठ्यक्रममा समावेश गर्दा पहिले नै धेरै कार्यभार वा सीमित आर्थिक स्रोत भएका शैक्षिक संस्था र शिक्षकहरूलाई थप दबाब नपरोस् भन्ने कुरामा ध्यान दिइनेछ । यस्तो अवस्थामा, शान्ति शिक्षालाई छुट्टै विषयका रूपमा वा सीमित अवधिका लागि अतिरिक्त क्रियाकलापहरूमार्फत लागू गर्नु बढी उपयुक्त हुन सक्छ ।

शान्ति शिक्षा परियोजनाहरूमा औपचारिकका साथै अनौपचारिक शैक्षिक संरचनाहरू संलग्न हुन सक्छन् किनभने विद्यालय र समुदायमा आधारित संस्थाहरू बीच दोहोरपनाको सम्भावना हुन्छ ।

### ९.६.५ साना हातहतियार र हलुका हतियार नियन्त्रणलाई समावेश गर्ने

साना हातहतियार र हलुका हतियार नियन्त्रणको विषय समावेश गर्ने शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रमहरुले

क) विद्यमान सामुदायिक मापदण्डहरू, मूल्यमान्यता र सकारात्मक जुझ्ने संयन्त्रहरूलाई बढावा दिने, विशेषगरी जसले हिंसालाई कम गर्न र अवैध साना हातहतियारको स्वामित्व र दुरुपयोगलाई निरुत्साहित गर्न योगदान पुर्याउँछ, त्यसलाई अघि बढाउने; र

ख) बालबालिका, किशोरकिशोरी र युवाहरूलाई अहिंसात्मक द्वन्द्व समाधान, द्वन्द्व निवारण, सञ्चार, सहयोग र सहकार्य अभ्यास गराउने रणनीति र गतिविधिहरू विकास गर्ने माध्यम बन्नुपर्छ ।

### ९.६.६ परियोजना कार्यढाँचा

शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रमहरूको योजना र डिजाइनमा सामुदायिक सदस्यहरू र सम्बन्धित कार्यक्रमहरू र संस्थाका प्रतिनिधिहरू साथै बालबालिका, किशोरकिशोरी र युवाहरूलाई संलग्न गराइनेछ । यस्तो समावेशी दृष्टिकोणले चालनु सामुदायिक-स्तरका जुझ्न मद्दत गर्ने संयन्त्रहरू पहिचान गर्न र त्यसलाई बलियो बनाउन, स्थानीय स्वामित्वलाई बढावा दिन र समुदायले शान्तिसँग कसरी सम्बन्ध राख्छ र यसले हिंसा र साना हातहतियारको दुरुपयोगद्वारा प्रस्तुत चुनौतीहरूलाई कसरी हेर्छ भन्ने कुरा हेर्न मद्दत गर्न सक्छ ।

शान्ति र निःशस्त्रीकरण शिक्षा परियोजनाहरूको डिजाइन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सहयोग गर्न एक जना संयोजक र कार्यदल नियुक्त गर्न सकिनेछ । संयोजकसँग शैक्षिक पृष्ठभूमिका साथै पर्याप्त समय, रुचि र प्रतिबद्धता हुनुपर्छ । कार्यदलमा समुदायका महिला र पुरुष प्रतिनिधिहरू, बालबालिका, किशोरकिशोरी र युवाहरूका साथै शिक्षक र प्रशिक्षणको अनुभव भएका व्यक्तिहरू समावेश हुनुपर्छ ।

© United Nations 2018 – All rights reserved

### ९.६.७ संस्थागत रूपरेखा

शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रम विद्यमान राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय संगठनको ढाँचाभित्र र/वा नागरिक समाजको प्रयासको अंशका रूपमा कार्यान्वयन गर्न सकिन्छ । शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रम आयोजना गर्ने संस्थाले देहाय अनुसारका कार्य गर्नुपर्छः

क) शान्ति र निःशस्त्रीकरणप्रति प्रतिबद्ध हुने ;

ख) बालबालिका, किशोरकिशोरी र युवाहरूसहित समुदाय भित्र स्थापित सञ्चालमा पहुँच प्राप्त गर्ने;

ग) विद्यमान औपचारिक प्रणालीहरू (जस्तै शिक्षा, युवा, आदिका लागि जिम्मेवार सरकारी मन्त्रालयहरू) सँग राम्रो कार्यगत सम्बन्ध राख्ने ; र

घ) कार्यक्रमहरुलाई श्रोतहरू (व्यक्ति, कार्यालय ठाउँ, उपकरण, इत्यादि) द्वारा समर्थन गर्ने क्षमता हुनुपर्छ ।

### ९.६.८ पाठ्यक्रम विकास

शान्ति र निःशस्त्रीकरण शिक्षा पाठ्यक्रमलाई शिक्षक, बालबालिका, किशोरकिशोरी, युवा र समुदायमा आधारित संघसंस्थाका प्रतिनिधिहरू, विशेषगरी युवा तथा महिला समुहको सहयोगमा समावेशी रूपमा विकास गरिनुपर्छ । पाठ्यक्रम उमेर र लैङ्गिक दृष्टिकोणले अनुकूलित हुनुपर्छ र विद्यमान समुदायका सकारात्मक जुभ्ने संयन्त्र, मूल्य र मान्यताहरू अनुरुप र सहयोगी हुनुपर्दछ ।

पाठ्यक्रममा द्वन्द्वका मूल कारणहरूको बुझाई, हतियारको व्यापारसम्बन्धी तथ्यहरू, हिंसाको स्तर, कानुनको शासन, दण्डहीनताको समस्या, सैन्य खर्च, साना हातहतियारको महिमामा मिडियाको प्रभाव, पुरुषत्वको प्रतीकका रूपमा साना हातहतियारहरू जस्ता अन्य सम्बन्धित विषयहरू र बालबालिका, किशोरकिशोरी र युवाहरूका लागि सान्दर्भिक अन्य मुद्दाहरू पनि समावेश हुन सक्छन् ।

### ९.६.९ सामाग्री

शान्ति र निःशस्त्रीकरण शिक्षा संयुक्त राष्ट्रसंघका एजेन्सीहरू र गैरसरकारी संस्थाहरूसहित धेरै माध्यमहरू मार्फत उपलब्ध छ । यलाई शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रमहरूको विकासमा सहयोग गर्न प्रयोग गर्न सकिन्छ । स्रोतहरूको सुझाव गरिएको सूचीका लागि परिशिष्ट ङ हेर्नुहोस् ।

### ९.६.१० अनुगमन र मूल्याङ्कन

अनुगमन र मूल्याङ्कनका लागि योजना निर्माण शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रमको कार्यान्वयन हुनुभन्दा अगाडि हुनुपर्छ, अर्थात् कार्यक्रमको योजना र डिजाइनको प्रारम्भिक प्रक्रियामा समावेश गरिनुपर्छ । प्रभावकारी अनुगमन र मूल्याङ्कन रणनीतिमा देहाय विषयहरु हुनुपर्छ :

क) शान्ति र निःशस्त्रीकरण शिक्षा कार्यक्रमको उद्देश्यको स्पष्ट खाका विकास गर्ने;

ख) प्रत्येक उद्देश्यका लागि अपेक्षिकृत परिणामहरूबारे निर्णय गरी त्यसलाई व्यवहारजन्य अर्थमा व्यक्त गर्ने;

ग) प्रत्येक परिणामका लागि धेरै सूचकहरू विकास गर्ने, जसलाई पनि व्यवहारजन्य अर्थमा अभिव्यक्त गरिनुपर्छ ;

घ) प्रत्येक सूचकका लागि अध्ययन गरिने समूहका सम्बन्धमा बेसलाईन तथ्याङ्क -कार्यक्रम अघि) सङ्कलन गर्ने ।

नोट : केन्द्रित समूह छलफल, सर्वेक्षण, प्रश्नावली, मूल्याङ्कन स्केल, अन्तर्वार्ता, अवलोकन र विद्यालय अभिलेखहरूको समीक्षाहरू प्रयोग गरेर तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । बेसलाईन तथ्याङ्क लिङ्ग र उमेरको


© United Nations 2018 – All rights reserved

आधारमा विखण्डित हुनुपर्छ । केन्द्रित समूह छलफल र सर्वेक्षणहरूमा केटी र केटाहरूको सन्तुलित प्रतिनिधित्व हुनुपर्छ ।

ङ) त्यही समयमा, एउटा नियन्त्रण समूह साइटमा बेसलाइन तथ्याङ्क सङ्कलन गर्ने (कार्यक्रमले पछि यो समूहलाई समावेश गर्ने योजना बनाउन सक्छ);

च) कार्यक्रम वा क्रियाकलाप कार्यान्वयन गर्न;

न) कार्यक्रम कार्यान्वयन पछि (र यो समयमा, यदि यो उपयुक्त छ), प्रत्येक सूचक सापेक्ष तथ्याङ्क सङ्कलन गर्ने । यसलाई बेसलाईन तथ्याङ्कसँग तुलना गर्नुहोस् ।

ज) कार्यक्रम कार्यान्वयनको क्रममा र/वा पछि, सूचना सङ्कलन गर्ने, जसलाई परियोजनामा केस स्टडीहरू लेख्न प्रयोग गर्न सकिन्छ ।

नोट : केस स्टडीहरू तथ्याङ्कलाई जीवन्तता प्रदान गर्ने र मानव आकृति प्रदान गर्ने तरिका हो । केस स्टडीको आधार हुनसक्ने सामग्रीका उदाहरणहरू : शान्ति शिक्षा कार्यक्रममा युवाहरूद्वारा गरिएको बृहत अन्तर-समूह समझदारी सिर्जना गर्न व्यवहारिक परियोजनाको बयान ; शान्ति शिक्षा कार्यक्रममा संलग्नताले आफ्नो शिक्षण शैलीका अन्य पक्षहरूलाई कसरी परिवर्तन गर्यो भन्ने बारे शिक्षकको विवरण; कार्यक्रममा सँगै ल्याइएका विभिन्न जातीय समूहका दुई युवाबीचको सम्बन्धमा आएको सकारात्मक परिवर्तनको कथा । केन्द्रित समूह छलफलहरू केस स्टडीहरूका लागि तथ्याङ्क सङ्कलन गर्ने एउटा तरिका हो ।

झ) कार्यक्रमको परिणाम समय अनुसार प्राप्त भएको छ कि छैन भनेर हेर्नको लागि एक वर्ष पछि सूचकहरू सापेक्ष तथ्याङ्क सङ्कलन गर्ने; र

ञ) पहिलो समूहसँग कार्यक्रम पूरा भएपछि, नियन्त्रण समूहसँग बेसलाईन तथ्याङ्क सङ्कलन कार्य दोहोर्याउनुहोस् ।

नोट : थप मार्गदर्शनको लागि, मोजेइक ०४.४०, अनुगमन, मूल्याङ्कन र रिपोर्टिङ हेर्नुहोस् ।

© United Nations 2018 – All rights reserved

# परिशिष्ट क

(सूचनामूलक)

## बालबालिका विरुद्ध हिंसा रोकथाम र प्रतिकार्यका लागि रणनीति, अवधारणा र क्षेत्रहरू

| Strategy | Approach | Sectors | Cross-cutting activities |
|---|---|---|---|
| **Implementation and enforcement of laws** | • Laws banning violent punishment of children by parents, teachers or other caregivers<br>• Laws criminalizing sexual abuse and exploitation of children<br>• Laws that prevent alcohol misuse<br>• Laws limiting youth access to firearms and other weapons | Justice | |
| **Norms and values** | • Changing adherence to restrictive and harmful gender and social norms<br>• Community mobilization programmes<br>• Bystander interventions | Health, Education, Social Welfare | Multisectoral actions and coordination |
| **Safe environments** | • Reducing violence by addressing "hotspots"<br>• Interrupting the spread of violence<br>• Improving the built environment | Interior, Planning | |
| **Parent and caregiver support** | • Delivered through home visits<br>• Delivered in groups in community settings<br>• Delivered through comprehensive programmes | Social Welfare, Health | |
| **Income and economic strengthening** | • Cash transfers<br>• Group saving and loans combined with gender equity training<br>• Microfinance combined with gender norm training | Finance, Labour | |
| **Response and support services** | • Counselling and therapeutic approaches<br>• Screening combined with interventions<br>• Treatment programmes for juvenile offenders in the criminal justice system<br>• Foster care interventions involving social welfare services | Health, Justice, Social Welfare | Monitoring and evaluation |
| **Education and life skills** | • Increase enrolment in pre-school, primary and secondary schools<br>• Establish a safe and enabling school environment<br>• Improve children's knowledge about sexual abuse and how to protect themselves against it<br>• Life and social skills training<br>• Adolescent intimate partner violence prevention programmes | Education | |



© United Nations 2018 – All rights reserved

| रणनीति | अवधारणा | क्षेत्रहरू | अन्तरसम्बन्धित क्रियाकलापहरु |
|---|---|---|---|
| **कानुनको कार्यान्वयन र लागु** | • अभिभावक, शिक्षक वा अन्य हेरचाहकर्ताबाट हुने हिंसात्मक सजायमाथि प्रतिबन्ध लगाउनु कानुनहरु<br>• बालबालिकाको यौन दुर्व्यवहार र शोषण अपराधीकरण गर्ने कानुनहरु<br>• रक्सीको दुरुपयोग रोक्ने कानुनहरु<br>• साना हातहतियार र अन्य अस्त्रमा युवाको पहुँच सीमित गर्ने कानुनहरु | न्याय | |
| **मुल्यमान्यताहरु** | • प्रतिबन्धात्मक र हानिकारक लैङ्गिक र सामाजिक मुल्यमान्यताहरुको पालनामा परिवर्तन<br>• सामुदायिक परिचालन कार्यक्रमहरु<br>• प्रत्यक्षदर्शीहरुबाट हस्तक्षेप | स्वास्थ्य, शिक्षा, सामाजिक कल्याण | बहुक्षेत्रगत कदम र समन्वय |
| **सुरक्षित वातावरण** | • 'केन्द्रविन्दुहरु' लाई सम्बोधन गरेर हिंसा न्यून गर्ने<br>• हिंसाको फैलावटलाई अवरुद्ध गर्ने<br>• निर्माण भएको वातावरणमा सुधार ल्याउने | आन्तारिक योजना निर्माण | |
| **अभिभावक र हेरचाहकर्ता सहयोग** | • घरदैलोमार्फत प्रदान गरिने<br>• समुदायमा समूह-समूहमा प्रदान गरिने<br>• विस्तृक कार्यक्रममार्फत प्रदान गरिने | सामाजिक कल्याण, स्वास्थ्य | |

© United Nations 2018 – All rights reserved

| | | | |
|---|---|---|---|
| **आम्दानी र आर्थिक सुदृढीकरण** | • नगद प्रवाह<br>• समूह बचत र कर्जाका साथमा लैङ्गिक समता तालिम | वित्त, श्रम | |
| **प्रतिकार्य र सहयोग सेवाहरु** | • परामर्श र उपचारात्मक अवधारणा<br>• जाँच र कार्यक्रम<br>• फौजदारी न्याय प्रणालीमा बाल अपराधीका लागि उपचार कार्यक्रम<br>• सामाजिक कल्याण सेवाहरुसहितको हेरचाह कार्यक्रमको प्रवर्द्धन् | स्वास्थ्य, न्याय, सामाजिक कल्याण | अनुगमन तथा मुल्याङ्कन |
| **शिक्षा र जीवनपयोगी सीप** | • पूर्वप्राथमिक, प्राथमिक र माध्यमिक विद्यालयहरुमा भर्नामा वृद्धि गर्ने<br>• सुरक्षित र उत्प्रेरक विद्यालय वातावरणको स्थापना गर्ने<br>• यौन दुर्व्यवहार र त्यसबाट कसरी बच्ने भन्नेबारेमा बालबालिकाको ज्ञान बढाउने<br>• जीवनपयोगी र सामाजिक सीप तालिम<br>• वयश्क अन्तरंग साथी हिंसा निवारण कार्यक्रमहरु | शिक्षा | |

*स्रोतः इन्स्पायरः बालबालिका विरुद्धको हिंसा अन्त्यका लागि सात रणनीतिहरू । विश्व स्वास्थ्य संगठन, युनिसेफ, युएनओडिसी, विश्व बैंक र अन्य, २०१६।*


© United Nations 2018 – All rights reserved

# परिशिष्ट ख

**(सूचनामूलक)**

## बाल संरक्षण नीतिको उदाहरण

### परिभाषाहरू

यस नीतिको प्रयोजनका लागि, "बालक/बालिका" र "बालबालिका" शब्दहरूले अठार (१८) वर्ष मुनिका सबै व्यक्तिहरूलाई समेट्छ ।

### लागु हुने क्षेत्र

यो नीति (.....समूह/संस्थाको नाम) को तर्फबाट काम गर्ने सबै कर्मचारीहरूमा लागू हुन्छ । यसमा पूर्णकालीन वा आंशिक रुपमा काम गर्ने वरिष्ठ प्रबन्धकहरू, सञ्चालक बोर्डका सदस्यहरू, वैतनिक कर्मचारीहरू र स्वयंसेवकहरू समावेश छन् ।

### नीतिको प्रयोजन

- (....समूह/संस्थाको नाम) का सेवाहरू प्राप्त गर्ने बालबालिकाहरूलाई सुरक्षित राख्न । यसमा हाम्रा सेवाहरू प्रयोग गर्ने वयस्कहरूको छोराछोरी समावेश छन् ।

- बाल संरक्षणको लागि हाम्रो अवधारणालाई मार्गनिर्देशित गर्ने समग्र सिद्धान्तहरूसँग कर्मचारी र स्वयंसेवकहरूलाई परिचित गराउने ।

### बाल संरक्षण वक्तव्य

(...समूह/सङ्गठनको नाम) बालबालिकाले कुनै पनि प्रकारको दुर्व्यवहारको सामना गर्नु हुँदैन भन्ने कुरामा विश्वास गर्दछ । सबै बालबालिकाको कल्याणलाई प्रवर्द्धन् गर्न र उनीहरूलाई सुरक्षित राख्ने जिम्मेवारी हाम्रो हो । हामी उनीहरूलाई सुरक्षा हुने तरिकाको अभ्यास गर्न प्रतिबद्ध छौं ।

हामी निम्नलिखित कुराहरु स्वीकार गर्दछौं :

बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा उल्लेख गरिए अनुसार बालबालिकाको कल्याण सर्वोपरि छ ।

उमेर, अपाङ्गता, लिङ्ग, जातीय उदगम, धार्मिक आस्था, यौन झुकाव वा पहिचान जे-जस्तो भएपनि सबै बालबालिकालाई सबै प्रकारको हानि र दुर्व्यवहारबाट समान संरक्षणको अधिकार छ ।

केही बालबालिकाहरू विगतको अनुभवहरूको प्रभाव, उनीहरूको निर्भरताको स्तर, सञ्चार आवश्यकताहरू वा अन्य कुराहरूका कारणले थप जोखिमपूर्ण अवस्थामा हुन्छन् ।

युवाहरूको कल्याणलाई बढावा दिन बालबालिका, उनीहरूका अभिभावक, हेरचाहकर्ता र अन्य निकायहरूसँग साझेदारीमा काम गर्नु आवश्यक छ ।

© United Nations 2018 – All rights reserved

हामी बालबालिकालाई देहाय अनुसार सुरक्षित राख्ने प्रयास गर्नेछौं:

- उनीहरूको कदर गर्ने, उनीहरुको कुरा सुन्ने र आदर गर्ने;
- कर्मचारी र स्वयंसेवकहरूका लागि कार्यविधि र आचार संहितामार्फत बाल संरक्षण अभ्यासहरू अवलम्बन गर्ने ;
- सुपरिवेक्षण, सहयोग र तालिममार्फत कर्मचारी र स्वयंसेवकहरूका लागि प्रभावकारी व्यवस्थापन प्रदान गर्ने;
- कर्मचारी र स्वयंसेवकहरूलाई सुरक्षित रूपमा नियुक्त गर्दै, सबै आवश्यक जाँचहरू भएको सुनिश्चित गर्ने ;
- बालबालिका, अभिभावक, कर्मचारी र स्वयंसेवकहरूसँग बाल संरक्षण र असल अभ्यासका बारेमा जानकारी बाँड्ने ; र
- जानकारी प्राप्त गर्नुपर्ने निकायहरूलाई सरोकारका विषयहरूबारे अवगत गराउने, र आमाबाबु र बालबालिकालाई उचित रूपमा समावेश गर्ने ।

## कानूनी ढाँचा

यो नीति बालबालिकाको सुरक्षा गर्न प्रयास गर्ने कानून र मार्गदर्शनको आधारमा तयार गरिएको छ, जस्तैः

- संयुक्त राष्ट्रसङ्घ बाल अधिकार महासन्धि (१९९१)
- (अन्य सान्दर्भिक कानून र मार्गनिर्देशनहरू सूचीबद्ध गर्नुहोस्, उदाहरणका लागि, बालबालिका र यौन अपराधसँग सम्बन्धित राष्ट्रिय कानूनका साथै बालबालिकाको सुरक्षाका लागि सम्बन्धित सरकारी निर्देशनहरू)

## समीक्षा गर्ने

हामी हाम्रो बाल संरक्षण नीति र असल अभ्यास वार्षिक रूपमा समीक्षा गर्न प्रतिबद्ध छौं ।

यस नीतिलाई पछिल्लो पटक ......... (मिति) मा समीक्षा गरिएको थियो

हस्ताक्षरः ...............................................

(संस्थाको सबैभन्दा उच्चपदस्थ व्यक्तिद्वारा हस्ताक्षर हुनुपर्ने )


© United Nations 2018 – All rights reserved

# परिशिष्ट ग

(सूचनामूलक)

## सशस्त्र द्वन्द्वमा बालबालिकाको भर्ती र प्रयोग अन्त्य गर्न ५-बुँदे कार्ययोजना




**ACTION PLAN**

HOW TO END THE RECRUITMENT AND USE OF CHILDREN IN ARMED CONFLICT:

**ONE** Issue military command orders prohibiting the recruitment and use of children

**TWO** Release all children identified in the ranks of security forces

**THREE** Ensure children's reintegration into civilian life

**FOUR** Criminalize the recruitment and use of children

**FIVE** Integrate age-verification mechanisms in recruitment procedures

CHILDRENANDARMEDCONFLICT.ORG

United Nations unicef

**आफ्नो समर्थन जाहेर गर्नुहोस्**

उनीहरु बाल सैनिक हुन् भनेर विश्वलाई बताउनुहोस्

**कार्ययोजना**

सशस्त्र द्वन्द्वमा बालबालिकाको भर्ती र प्रयोग कसरी अन्त्य गर्ने

एक : बालबालिकाको भर्ती र प्रयोगमाथि प्रतिबन्ध लगाउँदै सैन्य आदेश जारी गर्ने

दुई : सुरक्षा फौजको सक्कल दर्जामा रहेको पहिचान गरिएका सबै बालबालिकाहरुलाई रिहा गर्ने

तीनः बालबालिकाहरुको सार्वजनिक जीवनमा पुनर्एकीकरण सुनिश्चित गर्ने

चारः बालबालिकाको भर्ती र प्रयोगलाई अपराधीकरण गर्ने

पाँचः भर्ती प्रक्रियामा उमेर पुष्टि गर्ने संयन्त्र एकीकृत गर्ने

childrenandarmedconflict.org

© United Nations 2018 – All rights reserved

# परिशिष्ट घ

(सूचनामूलक)

## १०-बुँदे चेकलिस्टः राज्यबाट बाल सैनिकहरूको प्रयोग रोक्ने

चाइल्ड सोल्जर्स इन्टरनेशनलले राज्यहरू जिम्मेवार रहेको सशस्त्र बलहरूमा बालबालिकाहरू कहाँ र किन प्रयोगको जोखिममा छन् भनेर मूल्याङ्कन गर्न र यी जोखिमहरूलाई कम गर्न के उपायहरू अवलम्बन गर्न सकिन्छ भनेर पहिचान गर्न मद्दत गर्नको लागि निम्नलिखित १०-बुँदे चेकलिस्ट विकसित गरेको छ।

१०-बुँदे चेकलिस्ट चाइल्ड सोल्जर्स इन्टरनेशनलको प्रतिवेदन, *लाउडर दान वर्ड्स: एजेन्डा फर एक्शन टु स्टेट युज अफ चाइल्ड सोल्जर्स* मा समेटिएको जिम्मेवारीका तीन क्षेत्रहरूलाई समेट्ने लगभग दस मुख्य प्रश्नहरूमा आधारित छ।

### राज्यको सशस्त्र बलद्वारा बाल सैनिक प्रयोग

१. बालबालिकाहरूलाई युद्धमा भाग लिन कानूनले निषेध गरेको छ?

२. अनिवार्य र स्वैच्छिक भर्तीका लागि न्यूनतम उमेरको रूपमा १८ वर्षलाई कानूनमा स्थापित गरिएको छ?

३. प्रत्येक बालक/बालिकासँग उमेर स्वतन्त्र रूपमा पुष्टि गर्नसकिने प्रमाण छ?

४. नयाँ भर्ती भएकाहरूको उमेर पुष्टि गर्ने प्रभावकारी विधिहरू छन्?

५. सैन्य भर्ती प्रक्रियाहरूको स्वतन्त्र अनुगमन र निगरानी हुनसक्छ?

६. गैरकानूनी बाल भर्ती र प्रयोगलाई राष्ट्रिय कानूनमा अपराधीकरण गरिएको छ?

७. फौजदारी न्याय प्रणालीसँग गैरकानूनी भर्ती र प्रयोगको आरोपको प्रभावकारी अनुसन्धान र अभियोजन गर्ने क्षमता छ?

### राज्य-समर्थित सशस्त्र समूहहरूद्वारा बाल सैनिक प्रयोग

८. राज्यसँग आवद्ध कुनै पनि सशस्त्र समूहद्वारा बालबालिकाको भर्ती र प्रयोगलाई रोक्ने कानुनी र व्यावहारिक संरक्षणहरु छन्?

### हतियार प्रसार र सुरक्षा क्षेत्र सुधार सहायता

९. अन्तर्राष्ट्रिय हतियार प्रसार र अन्य प्रकारका सैन्य सहायताले प्राप्तकर्ता राष्ट्रहरूमा सैनिकको रूपमा बालबालिकाहरूको गैरकानूनी भर्ती र प्रयोगमा योगदान वा सहजीकरण गर्दैनन् भन्ने कुरा सुनिश्चित गर्न उपायहरू छन् ?

१०. यस चेकलिस्टमा राखिएका सुरक्षा उपायहरू राष्ट्रिय सुरक्षा क्षेत्र सुधार (एसएसआर) कार्यक्रमहरू र एसएसआर सहायता कार्यक्रमहरूमा प्रतिबिम्बित छन्?


© United Nations 2018 – All rights reserved

# परिशिष्ट ङ

(सूचनामूलक)

## शान्ति शिक्षा पाठ्यक्रम विकास गर्न मद्दत गर्ने स्रोतहरू

### ङ .१ सुझाव गरिएको सामग्री

क) शान्तिका लागि शिक्षा: पाठ्यक्रम सुधारका लागि योजना (शान्तिको लागि शिक्षा पाठ्यक्रमलाई शिक्षा क्षेत्रका योजना र नीतिहरूमा एकीकृत गर्ने दिशानिर्देशहरू) - युनेस्को
http://unesdoc.unesco.org/images/0023/002336/233601e.pdf

ख) अन्तर-एजेन्सी शान्ति शिक्षा कार्यक्रम - युएनएचसीआर/युनेस्को
शिक्षक प्रशिक्षण पुस्तिका: तह १
https://www.scribd.com/document/42729166/Inter-Agency-Peace-Education-Teacher-Training

ग) "डा. जोसेफ हुङ्वा मेमोरियल पीस एजुकेशन प्रोग्राम" - टिचर्स विथआउट बोर्डस
https://www.scribd.com/document/40571872/COMPLETE-PROGRAM-Dr-Joseph-Hungwa-Memorial-Peace-Education-Program-Parts-1-6#download

घ) "शान्ति शिक्षाको लागि तर्क र दृष्टिकोण" - शान्तिका लागि हेग अपील
http://www.peace-ed-campaign.org/learning-to-abolish-war-teaching-toward-a-culture-of-peace

पुस्तक १: लर्निङ टु एबोलिस वार: टीचिङ टुवर्ड ए कल्चर अफ पीस
http://www.peace-ed-campaign.org/wp-content/uploads/2015/10/LTAW-ENG-1.pdf

पुस्तक २: नमूना सिकाइ एकाइहरू
http://www.peace-ed-campaign.org/wp-content/uploads/2015/10/LTAW-ENG-2.pdf

पुस्तक ३: शान्ति शिक्षाको लागि विश्वव्यापी अभियानको निरन्तरता : सहभागिताका लागि साधनहरू
http://www.peace-ed-campaign.org/wp-content/uploads/2015/10/LTAW-EGN-3.pdf

नोट: पुस्तकहरू १ देखि ३ अल्बेनियन्, अरबी, अङ्ग्रेजी, फ्रेन्च र रूसीमा उपलब्ध छन्

### ङ .२ सुझाव गरिएका वेबसाइटहरू

क) निशस्त्रीकरण शिक्षा - निशस्त्रीकरण मामिलाका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय
https://www.un.org/disarmament/education/index.html
नोट: अरबी, चिनियाँ, अंग्रेजी, फ्रेन्च, रूसी र स्पेनिस भाषाहरुमा उपलब्ध छ।

ख) शान्ति शिक्षाको लागि विश्वव्यापी अभियान - शान्तिको लागि हेग अपील
http://www.peace-ed-campaign.org

ग) शान्ति शिक्षा पहल - टिचर्स विथआउट बोर्डस
https://teacherswithoutborders.org/twb-peace

घ) निःशस्त्रीकरण र अप्रसार शिक्षा साझेदारी
https://www.dnpeducation.org

ङ) शान्ति शिक्षा प्रतिष्ठान
http://www.peace-ed.org

© United Nations 2018 – All rights reserved

# परिशिष्ट च

(सूचनामूलक)

## सशस्त्र द्वन्द्वको समयमा सैन्य प्रयोगबाट विद्यालय र विश्वविद्यालयहरूको सुरक्षाका लागि मार्गदर्शनहरू

शिक्षालाई आक्रमणबाट जोगाउने ग्लोबल गठबन्धनद्वारा विकसित दिशानिर्देशहरू, जसको संचालक समितिमा युनिसेफ, युनेस्को र यूएनएचसीआर समावेश छन् । (*www.protectingeducation.org*)

**सशस्त्र द्वन्द्वका पक्षहरूलाई आफ्नो सैन्य प्रयासको समर्थनमा कुनै पनि उद्देश्यका लागि विद्यालय र विश्वविद्यालयहरू प्रयोग नगर्न आग्रह गरिएको छ । केही निश्चित प्रयोगहरु सशस्त्र द्वन्द्वसम्बन्धी कानूनको विपरीत नहुने कुरालाई स्वीकार गरिएको भएपनि सबै पक्षहरूले जिम्मेवार अभ्यासको लागि मार्गदर्शकको रूपमा निम्नलिखित कुराको प्रयोग गरी विद्यार्थीहरूको सुरक्षा र शिक्षामा असर नगर्ने प्रयास गर्नुपर्छ :**

---

**मार्गदर्शन १**: सैन्य प्रयासको समर्थनमा कुनै पनि तरिकाले सशस्त्र द्वन्द्वका लागि पक्षहरूको सेनाले सञ्चालनमा रहेको विद्यालय र विश्वविद्यालयहरू प्रयोग गर्नु हुँदैन ।

(क) यो सिद्धान्त अस्थायी रूपमा सामान्य कक्षाको समय भन्दा बाहिर, सप्ताहन्त र विदा, र छुट्टीको अवधिमा बन्द हुने विद्यालय र विश्वविद्यालयहरूका हकमा लागु हुन्छ ।

(ख) सशस्त्र द्वन्द्वका पक्षहरूले सैन्य प्रयासको समर्थनमा प्रयोगको लागि उपलब्ध गराउनको लागि विद्यालय र विश्वविद्यालयहरू खाली गर्न शिक्षा प्रशासकहरूलाई बल प्रयोग गर्ने वा प्रोत्साहन दिने कार्य गर्नु हुँदैन ।

---

**मार्गदर्शन २**: सशस्त्र द्वन्द्वको खतराका कारण परित्याग गरिएका वा खाली गरिएका विद्यालय र विश्वविद्यालयहरूलाई सशस्त्र द्वन्द्वमा लड्ने पक्षहरूको सेनाले कुनै व्यवहारिक विकल्प नभएको अवस्थामा र केवल स्कूल वा विश्वविद्यालयको यस्तो प्रयोग र समान सैन्य फाइदा प्राप्त गर्न अर्को सम्भाव्य विधि बीच कुनै विकल्प सम्भव नभएको अवस्थामा बाहेक आफ्नो सैन्य प्रयासको समर्थनमा कुनै पनि उद्देश्यका लागि प्रयोग गर्नुहुँदैन । अन्य भवनहरूलाई राम्रो विकल्पको रूपमा लिइनुपर्छ र सुविधाको हिसाबले समान नभएपनि विद्यालय र विश्वविद्यालय भवनहरूको सट्टामा प्रयोग गरिनु पर्छ । तथापि, त्यस्ता भवनहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानून (जस्तै अस्पतालहरू) अन्तर्गत विशेष रूपमा संरक्षित गरिएको अवस्थामा त्यसको प्रयोग गरिनु हुँदैन र सशस्त्र द्वन्द्वका पक्षहरूले जहिले पनि सबै नागरिक वस्तुहरूलाई आक्रमणबाट जोगाउन सम्भावित सावधानी अपनाउनुपर्छ भन्ने कुरालाई ध्यानमा राख्नुपर्छ ।

(क) परित्याग गरिएका वा खाली गरिएका विद्यालय र विश्वविद्यालयहरूको त्यस्तो कुनै पनि प्रयोग आवश्यक न्यूनतम समयको लागि हुनुपर्छ ।

(ख) सैन्य प्रयासको समर्थनमा सशस्त्र द्वन्द्वरत पक्षका सेनाले प्रयोग गरेका परित्याग गरिएका वा खाली गरिएका विद्यालय र विश्वविद्यालयहरू सेनाहरू हटिसकेपछि उनीहरूलाई यथाशक्य चाँडो सुचारु गर्नका लागि शैक्षिक अधिकारीहरूलाई उपलब्ध गराउनु पर्छ । तथपि, त्यसबाट विद्यार्थी र कर्मचारीहरूको सुरक्षा जोखिममा पर्नु हुँदैन ।

(ग) लडाकु सेनाहरू फिर्ता भएपछि सैन्यीकरणको कुनै पनि निशान वा सङ्केतहरू पूर्ण रूपमा हटाइनु पर्छ र संस्थाको पूर्वाधारमा हुने कुनै पनि क्षतिलाई सकेसम्म चाँडो ठीक गर्ने हर प्रयास गरिनुपर्छ । विशेषगरी, सबै हतियार, गोलाबारुद र विस्फोट नभएका अस्त्र वा युद्धका अवशेषहरू त्यहाँबाट हटाइनुपर्छ ।


© United Nations 2018 – All rights reserved

**मार्गदर्शन ३**: विद्यालय र विश्वविद्यालयहरूलाई सशस्त्र द्वन्द्वका विपक्षीले भविष्यमा प्रयोग गर्ने क्षमताबाट वञ्चित गर्ने उपायको रूपमा कहिल्यै नष्ट गर्नु हुँदैन । चाहे चालु अवस्थामा हुन्, वा त्यस दिनको लागि वा बिदाको लागि बन्द, खाली वा परित्याग गरिएको होस्, विद्यालय र विश्वविद्यालयहरू सार्वजनिक सम्पत्ति हुन् ।

---

**मार्गदर्शन ४:** सशस्त्र द्वन्द्वमा सहभागी पक्षहरूद्वारा आफ्नो सैन्य प्रयासको समर्थनमा विद्यालय वा विश्वविद्यालयको प्रयोग गर्दा परिस्थिति अनुसार यसलाई सैन्य उद्देश्यको आक्रमणको निशाना परिणत हुनसक्छ । यद्यपि, द्वन्द्वरत पक्षहरुले आक्रमण गर्नु अघि सबै सम्भावित वैकल्पिक उपायहरूमाथि विचार गर्नुपर्छ, जसमा परिस्थितिले अनुमति नदिएसम्म शत्रुलाई त्यसको प्रयोग बन्द नगरे आक्रमण हुनेछ भनेर पहिले नै चेतावनी दिनेलगायत पर्छ ।

(क) सैन्य उद्देश्य बन्नपुगेको विद्यालयमा आक्रमण गर्नुअघि सशस्त्र द्वन्द्वका पक्षहरूले बालबालिकाहरू विशेष सम्मान र संरक्षणको हकदार छन् भन्ने कुरालाई ध्यानमा राख्नुपर्छ । विचार गर्नुपर्ने अर्को महत्वपूर्ण कुरा भनेको विद्यालयको क्षति वा विनाशबाट उत्पन्न हुने शिक्षामा समुदायको पहुँचमाथि हुने सम्भावित दीर्घकालीन नकारात्मक प्रभाव हो ।

(ख) सैन्य प्रयासको समर्थनमा द्वन्द्वका लागि एउटा पक्षको सेनाले गरेको विद्यालय वा विश्वविद्यालयको प्रयोगलाई सैन्य प्रयासको समर्थनमा प्रयोग जारी राख्नका लागि यसलाई कब्जा गर्ने विरोधी पक्षको लागि तर्कको रूपमा काम गर्नु हुँदैन । सकेसम्म चाँडो, सैन्यकरणको कुनै पनि प्रमाण वा सङ्केत हटाउनु पर्छ र सो परिसरलाई यसको शैक्षिक कार्यको उद्देश्यको लागि नागरिक अधिकारीहरूलाई फिर्ता गरिनुपर्छ ।

---

**मार्गदर्शन ५:** अत्यावश्यक सुरक्षा उपलब्ध गराउने वैकल्पिक माध्यम उपलब्ध नभएको अवस्थामा बाहेक सशस्त्र द्वन्द्वमा सहभागी पक्षको लडाकु सेनालाई विद्यालय र विश्वविद्यालयको सुरक्षा प्रदान गर्न लगाउनु हुँदैन । यदि सम्भव छ भने, विद्यालय र विश्वविद्यालयहरूको सुरक्षा प्रदान गर्न सही ढंगले प्रशिक्षित नागरिक कर्मचारीहरूलाई प्रयोग गर्नुपर्छ । आवश्यक परेमा बालबालिका, विद्यार्थी र कर्मचारीहरूलाई सुरक्षित स्थानमा सार्ने कुरामा पनि ध्यान दिनुपर्छ ।

(क) यदि लडाइँमा सहभागी सेना विद्यालय र विश्वविद्यालयहको सुरक्षासँग सम्बन्धित कार्यहरूमा संलग्न छन् भने उनीहरूको उपस्थितिलाई सम्भव भएसम्म मैदान वा भवनहरूबाट टाढा राख्नुपर्छ, जसले गर्दा भवनको सार्वजनिक हैसियत र सिकाई वातावरणमा बाधा नपुगोस् ।

---

**मार्गदर्शन ६:** सशस्त्र द्वन्द्वका सबै पक्षहरूले सम्भव भएसम्म र उपयुक्त भएसम्म यी मार्गदर्शनहरुलाई आदेशको सबै तहमा उपयुक्त अभ्यासलाई प्रोत्साहित गर्न आफ्नो सिद्धान्त, सैन्य नियमावली, लडाईंमा संलग्न हुने नियम, परिचालन आदेश, र प्रसारका अन्य माध्यमहरूमा समावेश गर्नुपर्छ । सशस्त्र द्वन्द्वका पक्षहरूले यो गर्ने सबैभन्दा उपयुक्त विधि निर्धारण गर्नुपर्छ ।

**थप सान्दर्भिक स्रोतहरू:**

- सुरक्षित विद्यालय घोषणा
  www.protectingeducation.org/safe-schools-declaration-guidelines

- मार्गदर्शनहरूको कार्यान्वयन : सशस्त्र द्वन्द्वको समयमा सैन्य प्रयोगबाट विद्यालय र विश्वविद्यालयहरूलाई सुरक्षित राख्न मार्गदर्शनहरू बुझ्न र कार्यान्वयन गर्न मार्गदर्शक टुलकिट ।
  http://protectingeducation.org/sites/default/files/documents/toolkit.pdf

© United Nations 2018 – All rights reserved 

# सन्दर्भसूची


## संयुक्त राष्ट्रसङ्घ

१. संयुक्त राष्ट्रसङ्घ, निःशस्त्रीकरण र गैर-प्रसार शिक्षामा संयुक्त राष्ट्रसङ्घको अध्ययन: महासचिवको रिपोर्ट A/57/124, 2002.

२. संयुक्त राष्ट्रसङ्घ, बालबालिका र सशस्त्र द्वन्द्व: महासचिवको प्रतिवेदन । A/72/361–S/2017/821, 2017.

३. संयुक्त राष्ट्रसङ्घ, बाल अधिकार महासन्धि।

४. संयुक्त राष्ट्रसङ्घ, बालबालिकामा सशस्त्र द्वन्द्वको प्रभाव । महासचिवका विज्ञ सुश्री ग्रासा माचेलकोको प्रतिवेदन, महासभाको प्रस्ताव ४८/१५७ बमोजिम पेश गरिएको A/51/306, 26 August 1996 ।

५. संयुक्त राष्ट्रसङ्घ, बालबालिका विरुद्ध हिंसा सम्बन्धी संयुक्त राष्ट्रसंघको अध्ययनका लागि स्वतन्त्र विशेषज्ञको प्रतिवेदन, A/61/299, August 2006 ।

६. संयुक्त राष्ट्रसङ्घ, बालबालिका र सशस्त्र द्वन्द्वका लागि महासचिवको विशेष प्रतिनिधिको प्रतिवेदन, A/62/228, 2007.।

७. संयुक्त राष्ट्रसङ्घ, सुरक्षा परिषद्को संकल्प १६१२। 1612. S/RES/1612, 2005. ।

८. संयुक्त राष्ट्रसङ्घ, बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्तावहरु: प्रस्ताव १२६१ (१९९९); प्रस्ताव १३१४ (२०००); प्रस्ताव १४६० (२००३); प्रस्ताव १५३९ (२००४); प्रस्ताव १६१२ (२००५); प्रस्ताव १८८२ (२००९); प्रस्ताव १९९८ (२०११); प्रस्ताव २०६८ (२०१२); प्रस्ताव २१४३ (२०१४); प्रस्ताव २२२४ (२०१५); ।

९. संयुक्त राष्ट्रसङ्घ, बाल अधिकार महासन्धि, युएनसीआरसी, बालअधिकार समिति । सामान्य टिप्पणी नम्बर: १२: बालबालिकाको सुनुवाइको अधिकार CRC/C/GC/12, 2009.।

१०. युएनडीपी युवा र हिंसात्मक द्वन्द्व : संकटमा समाज र विकास? न्यूयोर्क: संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, २००६ ।

११. युनेस्को । शान्तिका लागि शिक्षा: पाठ्यक्रम सुधारका लागि योजना – शान्तिका लागि शिक्षा पाठ्यक्रमलाई शिक्षा क्षेत्रका योजना र नीतिहरूमा एकीकृत गर्ने मार्गदर्शनहरू। पेरिस: संयुक्त राष्ट्रसङ्घ शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन, २०१५ ।

१२. युनिसेफ/सेभ द चिल्ड्रेन । हरेक बालबालिकाको सुनुवाईको अधिकार : बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिमा रिसोर्स गाइड, सामान्य टिप्पणी नम्बर १२। लन्डन: सेभ द चिल्ड्रेन, २०११ ।

१३. युनिसेफ/डब्लुएचओ । बालबालिकामा चोटपटक रोकथामसम्बन्धी विश्व प्रतिवेदन । जेनेभा: विश्व स्वास्थ्य संगठन, २००८ ।

१४. युनिसेफ । वयस्क युद्धहरू, बाल सैनिकहरू: पूर्वी एशिया र प्रशान्त क्षेत्रमा सशस्त्र द्वन्द्वमा संलग्न बालबालिकाहरूको आवाज । न्यूयोर्क : संयुक्त राष्ट्रसङ्घीय बाल कोष, २००२।

१५. युनिसेफ । बाल र युवा सहभागिता रिसोर्स गाइड : www.unicef.org/adolescence/cypguide/index_child_adult.html

१६. युनिसेफ । बाल संरक्षण: सांसदहरूको लागि हातेपुस्तिका । न्यूयोर्क : संयुक्त राष्ट्रसङ्घीय बाल कोष, २००४। अन्तर-संसदीय संघसंग संयुक्त प्रकाशन ।

१७. युनिसेफ । परिवर्तनशील संसारमा बालबालिका र द्वन्द्वः माचेल अध्ययन १०-वर्षे रणनीतिक समीक्षा । न्यूयोर्कः संयुक्त राष्ट्रसङ्घीय बाल कोष, २००९।

१८. युनिसेफ । अनुसन्धान, अनुगमन र मूल्याङ्कन : प्रबन्धकको रूपमा नैतिकता र तपाईंको जिम्मेवारीहरू । युनिसेफ मूल्याङ्कन कार्यालय, मूल्याङ्कन प्राविधिक नोट नम्बर १, २००२।

१९. युनिसेफ । सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनः एकीकरणका लागि समुदायमा आधारित अवधारणाहरु : अवधारणा, पाठ र चुनौतीहरूको सिंहावलोकन । फ्लोरेन्स : Istituto degli Innocenti, 2003।

२०. युनिसेफ । बालबालिका विरुद्ध हिंसाको उन्मूलनः संसद् सदस्यहरूका लागि हातेपुस्तिका नम्बर १३। संयुक्त राष्ट्रसङ्घीय बाल कोष, २००७ । अन्तर-संसदीय संघसँग संयुक्त प्रकाशन ।

२१. युनिसेफ । सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धी ऐच्छिक प्रोटोकलका लागि गाइड । न्यूयोर्कः संयुक्त राष्ट्रसङ्घीय बाल कोष, २००३ । कोएलिसन टु स्टप द युज अफ चाइल्ड सोल्जर्सस्‌सँग संयुक्त प्रकाशन ।

२२. युनिसेफ । नो गन्स् प्लिज । वी आर चिल्ड्रेन ! न्यूयोर्क : संयुक्त राष्ट्रसङ्घीय बाल कोष, २००१।

२३. युनिसेफ । युनिसेफमा शान्ति शिक्षा। न्यूयोर्कः संयुक्त राष्ट्रसङ्घीय बाल कोष, १९९९।

२४. युनिसेफ । लडाइँ फौजसँग आबद्ध बालबालिकाहरूको निशस्त्रीकरण, विघठन र पुनः एकीकरणः सियरा लियोनमा सिकेका पाठहरू १९९८-२००२ । न्यूयोर्कः संयुक्त राष्ट्रसङ्घीय बाल कोष, २००५।

२५. युनिसेफ । पेरिस सिद्धान्तहरूः सशस्त्र बल वा सशस्त्र समूहहरूसँग आवद्ध बालबालिकाहरूसम्बन्धी सिद्धान्त र मार्गदर्शनहरू । युनिसेफ, २००७।

२६. युनिसेफ । युनिसेफ बाल संरक्षण रणनीति । E/ICEF/2008/5/Rev.1, २० मे २००८।

२७. युनिसेफ/डब्लुएचओ । बालबालिका र किशोरकिशोरी चोटपटक रोकथाम : कदम चाल्न विश्वव्यापी आह्वान । जेनेभाः विश्व स्वास्थ्य संगठन, २००५।

२८. युएनलिरेक । ल्याटिन अमेरिका र क्यारिबियनका शैक्षिक केन्द्रहरूमा बन्दुकको प्रसार र सशस्त्र हिंसा निवारण । लिमाः ल्याटिन अमेरिका र क्यारिबियनमा शान्ति, निःशस्त्रीकरण र विकासका लागि संयुक्त राष्ट्रसङ्घीय क्षेत्रीय केन्द्र (युएनलिरेक), २०११।

२९. युएनओडिए । स्वार्थहरूको द्वन्द्वः अस्थिरताको क्षेत्रमा बालबालिका र बन्दुकहरू । न्यूयोर्क : निःशस्त्रीकरण मामिलाका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय, ओकेजनल पेपर नम्बर १४, २००९।

३०. डब्लुएचओ । प्रेरणाः बालबालिका विरुद्ध हिंसा अन्त्य गर्न सात रणनीतिहरू । जेनेभा : विश्व स्वास्थ्य संगठन, २०१६।

**अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरू**

३१. आइसीआरसी । सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूबाट प्रभावित बालबालिकाहरू । जेनेभाः रेडक्रसको अन्तर्राष्ट्रिय समिति, २०११ ।

३२. ओइसीडी सशस्त्र हिंसामा युवाहरूको संलग्नता न्यूनीकरण : प्रोग्रामिङ नोट । द्वन्द्व र अस्थिरता । पेरिसः ओइसीडी २०११।

**अन्य स्रोतहरू**

३३. बिआईसीसी । युवा, साना हातहतियार र हलुका हतियार । साना हातहतियारहरूमा प्रशिक्षण र शिक्षा (ट्रेसा)। बोनः रूपान्तरणका लागि बोन अन्तर्राष्ट्रिय केन्द्र, २००६।

३४. ब्लुमस्टाइन, अल्फ्रेड। "युवा, बन्दुक र हिंसात्मक अपराध ।" बालबालिका, युवा र बन्दुक हिंसा, संस्करण १२ नम्बर २, २००२।

© United Nations 2018 – All rights reserved 

३५. बोइडेन, जे. र ऐनन्यू, जे. (सम्पादक), चिल्ड्रेन इन फोकस - बालबालिकाहरुसंग सहभागितामूलक अनुसन्धानका लागी हातेपुस्तिका । स्टकहोमः सेभ द चिल्ड्रेन स्वीडेन, १९९७।

३६. ब्रिग्स, जे, स्मिथ,एफ र अन्य । कोलम्बियाः युद्धबाट सुरक्षित स्थान छैनः युद्ध-प्रभावित बालबालिकाहरूमा साना हातहतियारहरूको प्रभावसम्बन्धी केस स्टडी । युवा अधिवक्ता अन्तर्राष्ट्रिय अनुसन्धान पत्र, २०१८

३७. सि.आई. शान्ति र सुरक्षाका लागि युवा आकांक्षा । लन्डन : मेलमिलाप संसाधन, २०१८।

३८. सिएसआई । हतियार व्यापार सन्धि र बाल सैनिकहरूका लागि यसको प्रभाव, प्रारम्भिक मूल्याङ्कन । चाइल्ड सोल्जर्स इन्टरनेसनल, २०१३।

३९. सिएसआई । शब्दहरू भन्दा ठूलोः बाल सैनिकहरूको राज्य प्रयोग अन्त्य गर्न कार्यको लागि एजेन्डा । लन्डनः चाइल्ड सोल्जर्स इन्टरनेसनल, २०१२।

४०. डाउडने, एल. न त युद्ध न शान्ति - संगठित सशस्त्र हिंसामा बालबालिका र युवाहरूको अन्तर्राष्ट्रिय तुलना । रियो डी जेनेरियोः ऐडिटोरा ७ लेट्रास, २००५।

४१. फार, भि. ए. र गेब्रे-वल्ड, के (सम्पादक)। साना हातहतियार र हलुका हतियारहरूमा लैङ्गिक दृष्टिकोण : क्षेत्रीय र अन्तर्राष्ट्रिय सरोकारहरू । बोनः बिआइसीसी ब्रिफ २४, २००२।

४२. फ्रिडसन, जे. “बालबालिकाहरूमा द्वन्द्वको प्रभावः साना हातहतियारको भूमिका।“ निःशस्त्रीकरण फोरम, संस्करण ३, २००२।

४३. एचएपी । शान्ति र निःशस्त्रीकरण शिक्षाः हिंसा कम गर्न र साना हातहतियार हटाउन मानसिकतामा परिवर्तन । न्यूयोर्कः शान्तिका लागि हेग अपील, २००५।

४४. एचएपी । शान्ति र निःशस्त्रीकरण शिक्षाः हिंसा कम गर्न र साना हातहतियार हटाउन मानसिकतामा परिवर्तन । न्यूयोर्कः शान्तिका लागि हेग अपील, २००५।

४५. आइएनइइ । शिक्षाको लागि न्यूनतम मापदण्डहरूः पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ । न्यूयोर्क : आपतकालमा शिक्षाका लागि अन्तर-एजेन्सी सञ्जाल, २०१२।

४६. क्रिस्टेन, ए. गन्स् एन्ड रोजेजः जेन्डर एण्ड आर्म्ड भोइलेन्स इन अफ्रिका। जेनेभाः युएनडीपी र साना हातहतियार सर्वेक्षण, २००७ ।

४७. बाल्यकालमा हिंसाबारे थाहा पाउनुहोस् । बाल्यकालमा हिंसाको अन्त्यः ग्लोबल रिपोर्ट २०१७ । नयाँ दिल्लीः बाल्यकालमा हिंसाबारे जान्नुहोस्, २०१७।

४८. लेफ, जे. र मोइस्टु, एच “ठूलो र सानोः बालबालिका र युवाहरूमा सशस्त्र हिंसाका प्रभावहरू । साना हातहतियार सर्वेक्षण २००९ : युद्ध को छायाँ । क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, २००९ ।

४९. एमएसी । बारुदी सुरुङ रहित संसारका लागि युवाहरूसँग सहकार्य : कसरी युवाहरूलाई अभियानमा संलग्न गर्ने । ओटावाः माइन्स एक्शन क्यानाडा, २००४ ।

५०. माजुराना, डी. र म्याके, एस. केटीहरू कहाँ छन्? उत्तरी युगान्डा, सियरा लियोन र मोजाम्बिकमा लडाइँ फौजमा केटीहरूः युद्धको समयमा र पछि उनीहरूको जीवन । मोन्ट्रियलः मानव अधिकार र लोकतान्त्रिक विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र, २००४ ।

५१. मिकोनन्, आई. र उप्पार्ड, एस. बालबालिका, सैनिकहरू होइनः बाल सैनिकहरू र लडाइँ फौजमा आबद्ध बालबालिकाहरूसँग काम गर्ने मार्गनिर्देशनहरू । लन्डनः सेभ द चिल्ड्रेन युके, २००१ ।

५२. म्याकेभय लेभी, एस. सामाजिक र राजनीतिक एजेन्टका रुपमा युवाहरूः समाधान पछिको शान्ति निर्माणका मुद्दाहरू । कोक इन्स्टिट्यूट अकेजनल पेपर २१ (२), २००१ ।

५३. म्याकिन्टायर, ए. र वेइस, टी. साना हातहतियारको मागको अन्वेषण : युवा दृष्टिकोण । प्रिटोरिया : इन्स्टिट्यूट फर सेक्यूरिटी स्टडिज, आइएसएस पेपर ६७, २००३ ।

 © United Nations 2018 – All rights reserved

५४. ओ केन, सी. “सहभागितामूलक प्रविधिहरूको विकासः बालबालिकाहरूलाई असर गर्ने निर्णयहरू बारे बालबालिकाको दृष्टिकोण सहजीकरण ।“ क्रिस्टेन्सन, पी. र जेम्स, ए (सम्पादक), बालबालिकासँग अनुसन्धानः परिप्रेक्ष्य र अभ्यास । लन्डन र न्यूयोर्कः फाल्मर प्रेस, २००० ।

५५. पाप्पास, सी. युवा गिरोहहरूः सदस्य, गतिविधि, र गिरोहसँग सम्बन्धित हिंसा घटाउने उपायहरू । युथ एडभोकेट प्रोग्राम अन्तर्राष्ट्रिय स्रोत पत्र, २००१ ।

५६. कुनो । केटी सैनिकहरूः अनुमाहरूलाई चुनौती । जेनेभाः क्वेकर संयुक्त राष्ट्रसङ्घीय कार्यालय, २००२ ।

५७. सेभ द चिल्ड्रेन । अन्तिम मौकाः सशस्त्र समूह र सशस्त्र बलहरूमा आवद्ध बालबालिकाहरू समावेश गर्ने कार्यक्रमहरूका लागि दिशानिर्देश र प्रभावहरू। लन्डनः सेभ द चिल्ड्रेन, २००४ ।

५८. सेभ द चिल्ड्रेन । बालबालिका र सहभागिताः बालबालिका र युवाहरूसँग अनुसन्धान, अनुगमन र मूल्याङ्कन। लन्डनः सेभ द चिल्ड्रेन, २००० ।

५९. सेभ द चिल्ड्रेन । कार्यक्रमको विश्लेषण, योजना र डिजाइनमा बालबालिकाको सहभागिता । लन्डनः सेभ द चिल्ड्रेन, २०१३ ।

६०. सेभ द चिल्ड्रेन । बालबालिकाको सहभागितामा अभ्यास मानकहरू । लन्डनः सेभ द चिल्ड्रेन, २००५ ।

६१. सेभ द चिल्ड्रेन । बालबालिकाको सहभागितामा अभ्यास मानकहरू : प्रयोगकर्ता-मैत्री सारांश। लन्डनः सेभ द चिल्ड्रेन, २०१० ।

६२. सेभ द चिल्ड्रेन । त्यसो भए तपाईं बालबालिकाहरूसँग परामर्श गर्न चाहनुहुन्छ?: राम्रो अभ्यासको टुलकिट। लन्डनः सेभ द चिल्ड्रेन, २००३ ।

६३. सेभ द चिल्ड्रेन । त्यसोभए तपाईं अनुसन्धानमा बालबालिकालाई समावेश गर्न चाहनुहुन्छ?: बालबालिका विरुद्ध हिंसा सम्बन्धी अनुसन्धानमा बालबालिकाको अर्थपूर्ण र नैतिक सहभागितालाई समर्थन गर्ने एउटा टुलकिट। लन्डनः सेभ द चिल्ड्रेन, २००४ ।

६४. सिस्याक । बालबालिका र साना हातहतियार संसाधन गाइड : सार्वजनिक स्वास्थ्यको दृष्टिकोण । साउथ ईस्टर्न एण्ड ईस्टर्न यूरोप क्लियरिङहाउस फर द कन्ट्रोल अफ स्मल आर्म्स एण्ड लाइट वेपन्स, २००६ ।

६५. सिस्याक । बेलग्रेडमा साना हातहतियारका समस्याहरूः युवाहरूको ज्ञान र मनोवृत्तिको सर्वेक्षण। बेलग्रेडः साना हातहतियार र हलुका हतियारको नियन्त्रणका लागि दक्षिण पूर्वी र पूर्वी यूरोप क्लियरिङहाउस, २००३ ।

६६. सिस्याक । साना हातहतियार, बालबालिका र शिक्षाः परामर्श रिपोर्ट। बेलग्रेडः साना हातहतियार र हलुका हतियारहरूको नियन्त्रणको लागि दक्षिण पूर्वी र पूर्वी यूरोप क्लियरिङहाउस, २००६ ।

६७. साना हातहतियार सर्वेक्षण । “ठूलो र सानाः बालबालिका र युवाहरूमा सशस्त्र हिंसाको प्रभाव ।” साना हातहतियार सर्वेक्षण २०००: युद्ध को छायाँ । क्याम्ब्रिजः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, २००९ ।

६८. साना हातहतियार सर्वेक्षण । सशस्त्र हिंसा निगरानी प्रणाली। अनुसन्धान नोट नम्बर २७. जेनेभाः साना हातहतियार सर्वेक्षण, २०१३

© United Nations 2018 – All rights reserved 

© United Nations 2018 – All rights reserved